# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**

माघ पूर्णिमा



पोखरा नारायणस्थान स्थित विपश्यना ध्यान कक्ष मैत्री संघ भवन समुद्घाटन गर्नुहुँदै श्रद्धेय भिक्षु ज्ञानपुर्णिक महास्थविर



मैत्री चैत्य र विप ... न ... खरा

वर्ष- १८ अङ्क- १० वार्षिक रु. ६०/- मूल्य रु. ५/-

## सम्पादकीय

# निर्वाण

बुद्ध धर्मको मूल लक्ष नै निर्वाण सुख प्राप्त गर्नु हो। अर्को शब्दमा भन्ने हो भने दु:खबाट मुक्ति पाउनु हो। बुद्धशिक्षा अध्ययन गरेर लाने हो भने कसैलाई पनि विना कारण दु:ख हुँदैन। दु:खको मूल कारण नै अज्ञानता र तृष्णा (जति भएपनि नपुग्ने असन्तुष्ट रहने स्वभाव) हो। तृष्णाबाट मुक्त हुन सकेमात्र दु:खबाट मुक्ति मिल्नेछ। यसरी दु:खबाट मुक्त हुने निर्वाण अवस्थामा पुग्दा स्वार्थ, लोभ लालच, क्रोध, ईर्ष्या, डाह, बदला लिने स्वभाव, पूर्वाग्रह र साम्प्रदायिकभाव हुँदैन। निर्वाण प्राप्त गरिसकेको व्यक्तिले जस्तो सुकै ठूलो पुण्य कर्म गरे पनि फलको आशा गर्दैन। त्यस्तो व्यक्ति कुनै पनि विषय वस्तुमा आशक्त हुँदैन। उसले मृत्युपछि फेरि जन्म लिंदैन। किनभने उसले तृष्णालाई काटिसकेको हुन्छ। तृष्णाको कारणले मात्र फेरि मानिसको पुनर्भव हुन्छ।

निर्वाण प्राप्त गरिसकेपछि त्यस व्यक्ति कहाँ जान्छ होला भनेर सोच्नु नै बेकार छ। किनभने निर्वाण नाम गरेको अर्को अलग स्थान छैन। निर्वाण त चित्तले अनुभव गर्ने एक विषय मात्र हो। आफ्नो जीवनमा निष्कलङ्क र निश्वार्थ भावबाट प्राप्त हुने शान्तीको अनुभव मात्र हो।

मानिसले कसरी निर्वाणको अनुभव गर्दो रहेछ त भन्ने विषयमा बुद्धकालिन घटना एउटा प्रस्तुत गर्न उचित देखिन्छ –

दारुचिरिय नाम गरेको एक धर्म पिपासु व्यक्तिले सही धर्म बुझ्ने इच्छा लिई बुद्ध समक्ष पुगेछ। गौतम बुद्धले उसलाई धर्म विषयमा उपदेश दिनुहुँदै भन्नुभयो –"कुनै पनि चीज वा विषय वस्तुहरूलाई हेर्ने बेला देखिरहेको छु भनी मात्र अनुभव गर्नु, त्यसमा प्रतिकृया नजनाउनु र आशक्त नहुनु, त्यसरी नै कुनै आवाज सुन्दा सुनें, कुनै गन्ध सुँघ्दा सुँघिरहेको छु, खाना खाँदा खाइरहेको छु भनी होश मात्र राख्ने। त्यस खानाको रस स्वादमा नभुल्नु। शरीरको कुनै अंगले स्पर्श गर्दा स्पर्श भयो भनेर जानकारी मात्र लिनु स्पर्शको स्वाद लिंदै आशक्त नहुनु।"

यसरी दारूचिरीयले बुद्धको उपदेश सुनेर भित्री हृदयले महशूस गरी बुझे। अनि उसलाई एक प्रकारको शुद्ध आनन्द अनुभव भयो। मन र शरीर हलुका भयो उसको। विस्तारै उसमा अज्ञानताको पर्दा हटेर गयो। प्रज्ञा चक्षु उत्पन्न भयो। यसरी प्रशन्न हुँदै आफ्नो बाटोमा हिंडिरहेका दारूचिरीयलाई अचानक एक साँढेले हानेर मारिदियो।

भिक्षाटनमा जानुभएका बुद्धले यो दृश्य देख्नुभयो। फलस्वरूप उहाँले भिक्षुसंघलाई दारूचिरियको दाहसंस्कार गर्ने आदेश दिनुभयो। बुद्धको आज्ञा पालन गरियो। त्यसपछि बुद्धले दारूचिरियको खरानी माथि चैत्य बनाइ दिनुभयो।

यो घटना र दृश्यलाइ राम्ररी हेरिरहने भिक्षुहरूले अचम्म मान्दै बुद्ध समक्ष प्रश्न राखे –"भो शास्ता ! दारूचिरियको आखिरी गति के हुने भयो ?

बुद्ध भन्नुहुन्छ – बाहीय दारूचिरिय एक पण्डित व्यक्ति हुन्। उसले निर्वाण प्राप्त गरी दु:खबाट मुक्त व्यक्ति बनि सक्यो। किनभने उसले आफ्नो चित्तलाई आशक्ति र तृष्णाबाट मुक्त बनाइसक्यो। उसले मैले सिकाएको शिक्षालाई बुझ्नुमा मात्र सीमित नराखी अभ्यास गर्न पनि सफल भए।

यसरी बुद्ध शिक्षा निराशावादी शिक्षा होइन। राम्रो काम गरे, त्यसको फल अवश्य पनि राम्रो नै हुनेछ। केवल आशा र भक्तिको भरमा मात्र फल खान पाईंदैन। सेवा गरेर मात्र मेवा खान पाइनेछ।

बुद्धले भन्नु भएको छ –

यत्थ आपो च पठवी, तेजो वायो न गाधति
नतत्थ सुक्का जोतन्ति आदिच्चो नप्पकासति
नतत्थ चन्दिमा भाति, तमोतत्थ नविज्जति
यदा च अत्तना वेदि मुनि मोनेन ब्रह्मणो
अथ रुपा अरुपाच सुख दुक्खा पमुच्चतीति

अर्थ– निर्वाण त्यस्तो ठाउँ हो जहाँ न पानी छ, न वायु, अग्नी छ, न त चन्द्रमाको प्रकाश, न सुर्योदय हुन्छ न अन्धकार नै छ। (उदान पालि)

यो त तृष्णारहित व्यक्तिले आफैले अनुभव गर्ने अवस्था मात्र हो। जुन व्यक्ति दु:खबाट मुक्त भएको हुन्छ।

अर्को अर्थमा भन्ने हो भने। निर्वाण कुनै अलगग स्थानको नाम होइन। यो त यही जीवनमा अनुभव गरिने स्वच्छ, निर्मल, निक्लेशको अवस्था मात्र हो।

## विषय–सूचि


| | | |
|---|---|---|
| १) बुद्ध वचन | - | १ |
| २) भोजाजानीय जातक | - प्रकाश वज्राचार्य | २ |
| ३) (कविता) शान्ति। | - बुद्धरत्न शाक्य "श्र" | ३ |
| ४) (कविता) विपस्सनाया ध्यान | - शाक्य सुरेन्द्र ह:जा | ३ |
| ५) धाँताको पूजा | - श्यामलाल चित्रकार | ४ |
| ६) "स्वतन्त्र चिन्तन – बुद्ध... ... ... | - तारा डंगोल | ५ |
| ७) (कविता) अपसब न्ह्यः | - रामभक्त प्रधान | ६ |
| ८) धम्मपद-१३५ | - रीना तुलाधर | ७ |
| ९) (कविता) कर्म सुधारौं | - सरोज कसा | ७ |
| १०) हामी बौद्ध र हाम्रो मन | - विश्व शाक्य | ८ |
| ११) "तिमीले नै सँधै सिहर जानु" | - विमला शाक्य | १० |
| १२) भोजपुर- टक्सारको यात्रा ... ... ... | - भिक्षु संघरक्षित | १२ |
| १३) अरूका बालबालिका पढाएर ... ... | - त्रिकमान तिरही | १६ |
| १४) धर्म देशना–२ | - ऊ ञाणीस्सर स्याडो | |
| | प्रस्तोता: विश्व लक्ष्मी शाक्य | १७ |
| १५) क्षान्ति र मैत्री | - भिक्षु कस्सपाध्यक्ष लिखित | |
| | अनुदित ..... | १८ |
| १८) धर्मकीर्ति विहार - गतिविधि | - | २१ |
| २०) धर्म प्रचार - समाचार | - | २१ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २००१
बिक्रमसम्वत् २०५७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति


## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**JANUARY, 2001**

| वर्ष- १८ | अङ्क- १० | माघ | पूर्णिमा २०५७ |
|---|---|---|---|




★ क्षण क्षणमा उत्पन्न हुने, रोक्न गाह्रो, जतातितै दगुर्ने, स्वेच्छाचारी चित्तलाई दमन गर्नु बेस छ, चित्त दमन गर्नाले नै सुख पाइन्छ।

★★★

★ चित्त स्थिर नभएको सद्धर्म नजान्ने र प्रसन्न स्वभाव नभएको व्यक्तिलाई प्रज्ञा ज्ञान पूर्ण रूपले प्राप्ति हुन सक्तैन।

★★★

★ चाँडै नै यो शरीर विज्ञात (प्राण) रहित भै काम नलाग्ने काठको मुढा झैं भूमिमा लडी रहनेछ।

★★★

# भोजाजानीय जातक

✍ प्रकाश बज्राचार्य

आखिर सात देशका राजाहरू एकजुट हुन करै लाग्यो। वाराणशी देशको उन्नति र खुसहालि देखेर वरपरका छिमेकी देशहरूलाई डाह लागिराखेको वर्षौं भइसकेका थिए । तर उनीहरू कमजोर थिए बाराणशीको अगाडी धनमा, बलमा, सैनिकमा र बहादुरीमा। सो ती ईर्ष्यालु नरेशहरू मनैमन कुण्ठित थिए। छिमेकी देशका जनताहरू बाराणशीको समृद्धि देखेर लोभिन्थे र आफ्ना देशमा चाहिं त्यस्तो केही नभएकाले निराश हुन्थे। यसैबाट बेलाबखतमा जन्म हुन्थ्यो आक्रोशको। आक्रोश आफ्ना राजाप्रति देखाउन थालिए। आक्रोश आफ्नो व्यवस्थाप्रति देखाउन थालिए। यसै कारणले गर्दा बाराणशीका सातैवटा छिमेकी राष्ट्रका राजाहरू जसरी भए पनि बाराणशीलाई होच्याउन खोज्थे। डबाउन खोज्थे। तर एक्ला दुक्लाले केही गर्न नसक्ने देखेपछि ती सातै राष्ट्रका ईर्ष्यालु राजाहरू आपसमा एकजुट हुन बाध्य भए, कुनै भलो कामको लागि होइन, समृद्ध राज्य बाराणशीलाई फतेह गर्न।

हमलाको तैयारीको यो खबर जासुसहरूले बाराणशीमा पुऱ्याए। उत्तिनैखेर आपतकालीन बैठक बस्यो। अब गर्ने के त ? सातै राष्ट्रहरूसँग लडाइँ गर्न सम्भव छ र ? के अब बाराणशी पराधिन हुनु पर्ने भयो त ? राजा निराश भए। मन्त्री भारदारहरू पनि निराश भए । तर सेनापति बहादुर र निडर थिए, उनी हतोत्साहित भएनन् । भने, "महाराज ! कातर भएर आफुलाई समर्पण गर्नु बेस कुरो होइन। मेरो विचारमा सामर्थ्य अनुसार हामीले युद्ध गर्नु पर्दछ। हो, सात राष्ट्रहरूसंग एकैपल्ट लडाइँ गर्नु कठीन छ, तर असम्भव त छैन।"

"कसरी सम्भव छ त यो कुरो ? को अगाडि बढ्छ यस्तोमा ?"

"म अगाडि बढ्छु ! महाराज मलाई मैले भनेको जस्तो घोडा दिनुस्, अगाडि बढ्छु।" सेनापतिले हिम्मत गरे।

"हुन्छ त" भन्दै उनीहरूले सात राष्ट्रहरूमा आफूले पनि हमला गर्ने निधो गरे। सेनापतिलाई तबेलामा लगियो। थरिथरिका असल जातका घोडाहरू थिए त्यहाँ। तीमध्ये एउटालाई सेनापतिले रोज्यो।

त्यो घोडो अति फूर्तिलो थियो। अग्लो थियो। राम्रो थियो। निर्भिक थियो। सेनापतिले त्यसैलाई रूचायो।

सेनापति गयो घोडा चढेर आफ्ना शत्रुहरूलाई फतेह गर्न। घोडा तेज थियो। अति बलवान पनि। जुन राज्यमा उनीहरू पहिले पसे, त्यहाँका राजालाई तुरन्तै बन्दी बनाउन सफल भए । त्यसपछि अर्को राजा, त्यसपछि अर्को, त्यसपछि अर्को, त्यसपछि अर्को, त्यसपछि अर्कोलाई सेनापतिको हिम्मत र घोडाको चर्तिकलाले गर्दा बन्दी बनाउन उनीहरू सफल भए। पाँच राजा पक्रिए; दुई बाकि थिए।

छैठौं राजाको पालो थियो । अति शक्तिशाली राजा थियो । विशाल सेना थियो सो राज्यको । पाँच राजाहरूलाई बन्दी बनाएर आएका सेनापति र उनको घोडा थाकिसकेका थिए । छैठौं राजालाई फतेह गर्न उनीहरूले घमासान युद्ध गर्नुपऱ्यो। एक त थाकिसकेका, अर्को शक्तिशाली शत्रु। सेनापतिले विजयी हुने आशा छाडि दियो। उनी घेरामा परिसकेका थिए। तर घोडा अति निर्भिक थिए। अभियानलाई अपूरो छाड्ने खालको थिएन । सो उनले भाला, तलवार र तीरको वास्ता नगरी अगाडि बढ्दै गए, बढ्दै गए। र छैठौं राजालाई पनि बन्दी बनाई छाडे।

तर घोडा रगताम्य भइसकेको थियो। त्यसको शरीरमा ठाउँ-ठाउँमा तलवारले काटिसकेको थियो । जिउमा गाडिएका थिए ८ तीरहरू र तीन भालाहरू। साधारण घोडाहरू भएको भए काम तमाम भइसक्थ्यो होला। तर त्यो साधारण घोडा थिएन। आफ्नो कर्तव्य पुरा गर्नमा अति उत्साही घोडो थियो।

घोडाको नाजुक अवस्था देखेर सेनापतिले सातौं राजालाई जित्ने विचार छाडि दियो। तर घोडा मानेन। अभियान अपुरो छाड्ने बानी थिएन उसमा । आफ्नो मरणासन्न अवस्था भइसक्दा पनि उनी अगाडी बढे सातौं राजा पनि बन्धनमा परे।



Downloaded from http://www.dhamma.digital

सात राजाहरूलाई बन्दि बनाई घायल घोडा आफ्नो राज्यमा फर्क्यो । लंगडो घोडा । लहु लुहान शरीर । अन्तिम श्वास लिइरहेको त्यो विजयी घोडा राजाको अगाडि आइपुग्यो । राजा चकित थिए, प्रजा चकित थिए त्यो आदर्शनीय घोडा देखेर । आफ्नो अभियान सफल गरी आउने त्यो घोडा राजाको अगाडि पुग्नासाथ बुर्लुङ्ग लडे । अन्तिम श्वास फेर्दै भने, "महाराज ! मैले अभियान पूरा गरें । तर मेरो बिन्ति छ यी राजाहरूलाई नमारि बक्सियोस् । शान्ति युद्धभन्दा श्रेष्ठतर छ, महाराज !"

घोडा मऱ्यो । भोजाजानीय घोडा, जसको अदम्य साहस महान थियो, मऱ्यो । राजाको आँखाबाट बरबर दुई थोपा आँसु चुहिए मानो आफ्नै छोरो मरेको झैं ।

× × ×

**यो जातक कथा भगवान् बुद्धले अभियान अपूरो छाड्नु राम्रो होइन भनी देखाउन भन्नुभएको थियो । यसमा भोजाजानीय घोडा बोधिसत्व थिए ।** ■

# शान्ति !

**च्व:म्ह: बुद्धरत्न शाक्य "क"**

मुनीजन पिनि हृदयया उद्‌गम् !
अणुअणुया इच्छा छ ।
तत्त्व तत्वे सुला च्वंगु,
सत्त्व पिनि मुक्ति छ !

गुलिसिया यक्व कुतलं नं मदु ।
गुलिसिनं न्ह्याका वंगु अपार घा: !
छंगु निंतिं थन छु जक मया ?
जुल धरति च्याईगु यज्ञ मि धा: !

वाका व धका चू मलाईगु
मृग तृष्णाया मलूनिगु घा: ।
छन्त म्हस्युगु नुग: नुगलं !
चिमिसं न्ह्याका वंगु तपस्वी घा: !

# विपस्सनाया ध्यान

**शाक्य सुरेन्द्र ह:खा**

***लय: जुजू भाई शाक्य***

विपस्सनाया ध्यान शिविरे
धर्म मिखां वा खंका काय्
ध्यान अभ्यासया साधक जुईवा
बोधि मार्ग वा थुइका काय् (धू)

परया दोष गुलिजक खंके
पिनेया मिखाँ गुलिजक स्वय्
थ:त थ:म्हं खंका काय्सा
विपस्सनाया न्हायकं स्वय्

शील समाधि व प्रज्ञा ब:कया:
चित्तया मल वा तंका छ्वोय्
सुक्ष्मगु चित्त सासलं खंका
चित्त बिकार वा न्हंका छ्वोय्

घृणा व द्वेष, पीर व व्यथाँ
जीवन गुवलें नरक मयाय्
चंचल परवशं चित्त चिना वा
समता भाव वा खंका काय्

थगु शरीरे न्हिथं वैगु
संवेदनाया आधारं
दु:ख अनित्य अनात्माया
स्व धर्म वा खंका काय्

# द्यौताको पूजा

✍ श्यामलाल चित्रकार

द्यौता को हो भनी चिन्नु बुझ्नु, द्यौतालाई पूजा गर्न सिक्ने र सिकाउने तरीकाहरू मान्छे पिच्छे फरक फरक छन् । जुन मानिस जस्तो परिवेशमा हुर्क्यो जुन कुरा सुन्यो, र देख्यो त्यसकै आधारमा उनीहरूको आ–आफ्नो धारणा बन्दै जान्छ । साथै समय अनुसार त्यो धारणा पनि परिवर्तन हुँदै जाने गर्छ ।

कसको कुरा कसले गर्न सक्छ र ? सबैले आ-आफ्नै कुरा गर्छ । त्यसैले द्यौताको पूजाको बारेमा मैले पनि आफ्नै कुरा गर्छु ।

विभिन्न समयमा धेरैजसो नेपालीहरूले विभिन्न द्यौताको पूजा गरीरहेका छन् । द्यौताको पूजा गर्ने नेपालीहरूको जीवन पद्धति नै भएको छ । त्यसलाई जातीय संस्कृति पनि भन्ने गरिन्छ कसैले धर्म भनेर अपनाउने गर्छ । द्यौताको पूजा गर्ने धार्मिक हुने, पूजा नगर्ने अधार्मिक हुने हो त ? द्यौताको अस्तित्व छ कि छैन ? द्यौता र मानिसको सम्बन्ध के छ ? मानिसको सुख दुःखमा द्यौताको हात छ कि छैन ? यस्ता प्रश्नहरूमा विभिन्न चर्चा परिचर्चाहरू हुने गर्छन् । आ-आफ्नै अध्ययन र अनुभवले बुझेर लानु पर्ने कुरा हो यो ।

५६३ वि.सि.मा मनुष्य भएर ज[illegible] सिद्धार्थ गौतम अथवा भनुं ३५ वर्षको उमेरमा बोधिज्ञान प्राप्त गरेर बुद्ध बन्नु भएका शाक्यमुनि गौतम बुद्धलाई द्यौता भनेर अरु द्यौताहरूकै समूहमा राखेर द्यौ[illegible] पूजा गरिरहने पनि हामी नै हौं । गौतम बुद्ध ज्ञानले परिपूर्ण भएका अति असल मनुष्य हुनुहुन्थ्यो । उहाँ ईश्वर थिएन, कुनै द्यौता थिएन ।

तृष्णालाई क्षय गरी सक्नु भएका परिशुद्ध हुनु भएका महान व्यक्ति भएर गौरवपूर्वक मान सम्मान वा श्रद्धाकै कारणले हामीले बुद्धलाई भगवान भन्ने गर्छौं भन्ने कुरा बुझ्नु पर्छ । भगवान बुद्ध तारणहार होइन । मुक्ति दाता होइन । मुक्तिको मार्ग देखाउने मार्ग प्रदर्शक मात्र हुनुहुन्थ्यो । उहाँ केवल गुरु हुनुहुन्थ्यो । आफूले गरेको कर्म अनुसार फल भोग्नुपर्ने कर्म वादी सिद्धान्त देखाउनु भएको बुद्ध हुनुहुन्छ । त्यस्ता भगवान बुद्धलाई जल, फुलफूल, खाद्य पदार्थ, धूप, प्रदीप, फूल इत्यादि राखेर बुद्धपूजा गर्दैमा हामी धार्मिक हुने छैनौं, बौद्ध हुने छैनौं । साथै हाम्रो जीवन सुखमय पनि हुने छैन । बुद्धलाई पूजा गर्ने कसरी भन्ने विषयमा बुद्धले नै बताउनु भएको छ *(हेर्नुस्, सुत्तपिटक, दीघ निकाय, महापरिनिब्बान सुत्त)*

कुशीनगरमा मल्लहरूको शालवनमा दुईवटा सालको रुखको बिचमा उत्तरतिर शिर पारेर महापरिनिर्वाणको लागि भगवान बुद्ध पल्टेर बस्नु भयो । त्यो बेला बुद्धको पूजा गर्ने हेतु असंख्य लावा लश्कर भेला भएर बुद्धलाई फूल, धूपले पूजा गर्न आए । प्रकृतिले पनि बुद्धको जीऊमा फूल बर्साएर भगवान बुद्धमा यस्तो भव्य मान सम्मान भईरहेको बेलामा भगवान बुद्धले आनन्द भिक्षुलाई सम्बोधन गरेर भन्नु भयो –“यसरी विभिन्न मानार्थ सामानले मान गर्दैमा तथागतलाई सही पूजा गरेको ठहरिंदैन । जुन भिक्षु वा भिक्षुणी, उपासक वा उपासिकाले धर्मानुसार आचरण गरीरहन्छ, त्यसले नै तथागतको सही पूजा गरेको ठहरिन्छ ।

बुद्धले सिकाउनु भएको पूजाको विधि हामी सबैले सिक्नु परेको छ । बुद्धले देशना गर्नुभएको चतुआर्य सत्यलाई बुझी आर्य अष्टांगिक मार्गमा हिंडेर त्यही ढंगले आचरण गरेमा मात्रै साँचैको बुद्धपूजा हुनेछ । आफ्नो संस्कृति भन्दै, अन्ध विश्वासमा परेर, जथाभावी खर्च गरेर ठूलो द्यौताको पूजा गर्दैमा पूजा गरेको हुँदैन, धर्म गरेको हुँदैन । आफूलाई पनि सुख शान्ति हुने अरुलाई पनि सुख शान्ति हुने व्यवहार गरी, आचरण राम्रो बनाउने व्यक्तिलाई साँच्चैको द्यौता पूजा गर्ने पूजारी भन्न मिल्छ । ■



Downloaded from http://www.dhamma.digital

# "स्वतन्त्र चिन्तन - बुद्ध शिक्षाको विशेषता"

✍ तारा डंगोल

यस संसारमा जतिपनि प्राणीहरूको श्रृष्टि भएको छ ती सबै प्राणीहरूले आ-आफ्नो जीवन कसरी जिउने भन्ने बारेमा स्व-विवेकले चिन्तन गर्न पाउनु सबै प्राणीहरूको नैसर्गिक अधिकार हो ।

अरू प्राणी भन्दा मनुष्य जीवन श्रेष्ठ मानिन्छ । मनुष्य संग अरू प्राणीको भन्दा बढि सोच्न सक्ने क्षमता रहेको हुन्छ; अरू प्राणीहरूको भन्दा बुद्धि विवेक हुन्छ, त्यसकारण मनुष्य जीवन उत्तम जीवन हो भनिन्छ ।

यस्तो अमूल्य जीवनलाई कसैको लहैलहैमा लागेर बरबाद पार्नुहुँदैन । हामीले कुनैपनि कामकुरो गर्न अघिसर्दा त्यसबारे विभिन्न व्यक्तिहरूले विभिन्न राय/मत दिनसक्छन् त्यस्तो बेलामा यदि हामीले कुन ठिक कुन बेठिक भनेर आफ्नो स्व-विवेकले चिन्तन गर्न सकेनौं वा अधिकार पाएनौं भने हामी अरूको भनाईमा लागेर उनीहरूले भनेको अनुसार जिउनु बाध्य हुन्छौं । यसो हुंदा गलत बाटोमा लाग्न सकिन्छ । नकारात्मक भावनाको विकास हुनसक्छ । त्यसैले शान्त वातावरणमा बसि कुन ठिक, कुन बेठिक कुन सत्य, कुन कुरा असत्य वा कसको अनुसरण गऱ्यो भने सहि हुन्छ भनी चिन्तन गरि आफूलाई ठिक लागेको मात्र अनुसरण गर्नुपर्दछ । अनिमात्र सहि बाटोमा अघि बढ्न सक्षम होइन्छ । स्व-विवेकले चिन्तन गर्नु नै बुद्धिमानीको चिन्ह हो ।

स्वतन्त्र चिन्तन गरि सहि बाटोमा हिँडिं बाँच्न सक्षम भएमा आफूलाई भौतिक रूपमा केहि फाइदा देखेतापनि आफ्नो जीवनको मूल्य मान्यता तथा सिद्धान्तप्रति कुनैपनि हालतमा बेइमानी गरिदैन वा सम्झौता गरिदैन । जसले गर्दा आफ्नो मनमा शान्त भई आफ्नो जीवन प्राकृतिक रूपमा वा स्वाभाविक ढंगले जिउन हामी सक्षम हुनेछौं ।

२५०० बर्ष अघि भगवान बुद्धले स्वतन्त्र चिन्तनको अमूल्य शिक्षाको उपहार दिएर जानुभयो । बुद्ध शिक्षामा स्वतन्त्र चिन्तनको प्रमुख स्थान छ । जसको कारण यस शिक्षा अन्य शिक्षा भन्दा फरक देखिन सक्छ । भगवान बुद्धले स्पष्ट रुपमा भन्नुभएको छ -"यदि कसैले बुद्ध शिक्षालाई ग्रहण गर्नुछ भने सर्वप्रथम आफूले अध्ययन गरि त्यसपछि आफ्नो स्व-विवेकले यो शिक्षा ठिक छ कि छैन वा ग्रहण गर्न योग्य छ कि छैन भनी चिन्तन गर्नुपर्दछ स्वतन्त्र चिन्तनबाट यदि ठिक लागेमा वा ग्रहण गर्न योग्य लागेमा मात्र ग्रहण गर । अन्धविश्वासमा परि आँखा चिम्लेर ग्रहण नगर ।" "स्वतन्त्र चिन्तन" बुद्ध शिक्षाको मुख्य विशेषता हो ।

बुद्धकालीन विभिन्न घट्नाहरूबाट यी कुराहरू थाहा पाउन सकिन्छ । भगवान बुद्धले आफू सर्वश्रेष्ठ हुँ भनी कसैलाई पनि आफ्नो ऋद्धिबलले आफ्नो अलौकिक शक्तिले वा लोभ, लालच, भय देखाएर उहाँको शिक्षा ग्रहण गराउनु भएन । वहाँले सबैलाई स्वतन्त्र चिन्तन गर्न छूट दिनुभयो । कसैलाई पनि यो शिक्षा ग्रहण गर्न बाध्य पारिएन । जसले गर्दा "बुद्ध शिक्षा" संसारभरि फैलिएको छ ।

स्वतन्त्र चिन्तन सम्बन्धि बुद्धका भनाईहरू थाहा पाउन वा भगवान बुद्धले कसैको बैचारिक शोषण वा कसैको स्वतन्त्र चिन्तनलाई हनन गर्नु भएको छैन भनी थाहा पाउनको लागि बुद्ध कालीन केहि घट्नाहरू प्रस्तुत गर्दछु :

केशपुत्र नामको एउटा गाउँका कालामहरूले विभिन्न मतवादका भिन्नाभिन्नै धर्म गुरुहरूले भनेका मतहरू मध्ये कुन सत्य वा कुन असत्य भनी छुट्याउन सकेनन् । किनभने हरेक मतका धर्महरूले आ-आफ्नो मतको बयान विभिन्न प्रमाण सहित गर्दथ्यो र त्यसलाई असत्य हो भनी छुट्याउन नै नसक्ने तुल्याउँथे । जसले गर्दा कालामहरूलाई कुन मत सत्य र कुन मत असत्य भनी छुट्याउन असजिलो हुन्थ्यो । त्यसपछि तिनीहरू भगवान बुद्धकहाँ गई प्रार्थना गरे- "भन्ते ! हामी सबै अलमलमा परिरहेका छौं, किनकी विभिन्न धर्मका साधु, सन्त तथा ब्राह्मणहरू केशपुत्रमा आउँछन्, आ-आफ्नो वादको अति नै रोचक तरीकाले विभिन्न प्रमाण सहित प्रकाशित गर्छन् र अरूको वादलाई निन्दा गर्छन् । तब हामीलाई ती मध्ये कुन वाद सत्य हो भनी छुट्याउन गाह्रो हुन्छ ।" भगवान बुद्धले उनीहरूलाई उत्तर दिनुभयो – "हे कालामहरू, तिमीहरूले कुनै कुरालाई केवल

यसकारणले ग्रहण नगर कि त्यो हाम्रो परम्परागत कुरा हो। केवल यसकारण स्वीकार नगर कि यो हाम्रो धर्मग्रन्थसंग मिल्दछ। केवल यसकारण स्वीकार नगर कि यो न्याय सम्मत छ। केवल यसकारण स्वीकार नगर कि यसको आकार प्रकार सुन्दर छ। केवल यसकारण स्वीकार नगर कि यो बताउने व्यक्तिको व्यक्तित्व आकर्षक तथा सुन्दर छ। केवल यसकारण स्वीकार नगर कि बताउने श्रमण हाम्रा पूज्य हुन्। हे कालामहरू! जब तिमीहरूले स्व-विवेकले, स्व-अनुभवले यो जान्दछौं कि यी कुराहरू सबै अकुशल छन्, दोषपूर्ण छन्, विद्वान पुरुषहरू द्वारा निन्दित छन् र पालना गरियो भने अहित हुन्छन्, दुःख हुन्छन्, तब हे कालमहरू ! तिमीहरूले त्यस्ता कुराहरूको त्याग गरिदेऊ।

*(अंगुत्तर निकाय, तिक निपात, कालाम सुत्त-पृष्ट १९२)*

अर्को एकठाउँमा भगवान बुद्धले भिक्षुहरूलाई बुद्ध शिक्षाको अस्तित्व बोध गराउनु भएको छ -"हे भिक्षुहरू! मैले धर्मको उपदेशलाई एउटा डुंगाको रुपमा दिएको छु, जुन डुंगाको सहयोगले कुनै तलाउ पार तर्न सकिन्छ। तर त्यो डुंगा बोकि राख्नलाई दिएको होइन। तलाउ पार गरिसकेपछि पनि यदि यो डुंगाले मलाई सहयोग गरेको छ भनी जहाँ भएपनि काँधमा बोकि हिँड्यो भने के त्यो मानिसले डुंगा प्रतिको कर्तव्य पालन गरिएको ठहरिन्छ र ? बरु त्यसको कारण उसले दुःख मात्र उठाउँछ।"

*(मज्झिम निकाय १।३।२ अनुपृष्ठ -८६-८७)*

आफ्नै पुरुषार्थबाट समस्त धर्मलाई जान्नु भएका उहां भगवान बुद्धद्वारा स्पष्टरूपमा देशना गरिएको धर्मको विभिन्न गुण मध्ये -"एहिपस्सिको" पनि एक हो। अर्थात आएर वा अध्ययन गरेर हेर र अध्ययन गरिसकेपछि स्वतन्त्र चिन्तनबाट ठिक भएमा मात्र ग्रहण गर, अन्धविश्वासमा परि ग्रहण नगर भन्ने यस क्रान्तिकारी अभिव्यक्ति बुद्ध बाहेक कुनैपनि व्यक्तिले भन्ने आँट गरेका छैनन्।

माथिका घट्नाहरू तथा धर्मको गुणबाट के स्पष्ट हुन्छ भने बुद्ध शिक्षा खालि बोकेर हिंड्न वा ठूलो छ भनी होहल्ला गरि हिंड्नलाई होइन बरू स्वतन्त्र चिन्तन मनन गरि दुःखमय जीवनवाट पार तर्नको लागि साधनको रुपमा उपयोग गर्नको लागि हो।

भगवान बुद्धले आफ्नो शिक्षा/उपदेश कसैमाथि लाद्नको लागि कहिल्यै प्रयत्न गर्नुभएन। उहाँले आफ्नो महापरिनिर्वाण हुनु भन्दा पहिले वा जीवनको अन्तिम घडीमा यसरी भन्नुभएको छ -"हे भिक्षुहरू ! समय र परिस्थितिको आवश्यकता अनुसार मैले बनाएका सानातिना नियमहरू हेरफेर गर्न सकिन्छ।" यति उदार वादि हुनुहुन्थ्यो उहाँ। तर समयान्तरले गर्दा हो वा केले गर्दा हो भिक्षुहरूले नै ती सानातिना नियमहरू छुट्याउन नसकेको हुनाले सबै नियमहरू आजसम्म पनि यथावत् नै कायम भइरहेका छन्।

महापरिनिर्वाण हुनु अगाडि उहाँले आनन्द भिक्षुलाई पनि भन्नुभएको थियो -"हे आनन्द ! मेरो उपदेश मात्र सिद्धान्त होइन, बरु आचरणको निर्देशन दिने शास्त्र पनि हो। आचरणको कसौटीमा घोटेर मात्र यसको अनुसरण गर्नुपर्छ । मैले भनेको भनेर अन्धविश्वास पूर्वक अनुशरण गर्नुहुँदैन।"

भगवान बुद्ध यो चाहनु हुन्थ्यो कि वहाँको सिद्धान्त ऐतिहासिक तथ्यको झरेको सुकेको रूख जस्तै नरहिरहोस्। उहाँ चाहनु हुन्थ्यो सिद्धान्त सधैं मानव मात्रको वा प्राणी मात्रको हित गर्ने, सदा शीतलता प्रदान गर्ने वा आश्रय दिन पलाएको पिपल रुख जस्तै रहिरहोस्। जसको मुनी बस्दा सबैले समान रुपले आनन्द लिन सकोस्।

■

## अपसज भ्वय्

✍ रामभक्त प्रधान, वनेपा।

*भ्वय् नका जुया भ्वय् नया जुया*
*भ्वय् ज्वरे याःपिनि साक्क नके धाई*
*लाय् चिमगाः मेगु पालु धाई*
*ज्वरे याःपिन्त अपजस बियाज्वी*
*म्वायूत नइपिं मखु नयूत म्वाइपिसं*
*नयूत्वनेगुली जक हाला जुयाः*
*थःगु जीवन व्यर्थय् फुकाज्वी।*



Downloaded from http://www.dhamma.digital

# धम्मपद–१३५

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

अत्तना व कतं पापं - अत्तना सङ्किलिस्सति
अत्तना अकतं पापं - अत्तना व विसुज्झति
सुद्धी असुद्धी पच्चत्तं - नाञ्ञो अञ्ञं विसोधये

**अर्थ-** आफूले गरेको पापले आफैलाई धमिल्याउँछ। आफूले गरेको पुण्यले आफैलाई शुद्ध पार्छ। शुद्ध हुनु र अशुद्ध हुनु आफैले गर्ने हो। कसैले कसैलाई शुद्ध वा अशुद्ध गर्न सक्तैन।

**घटना-** जेतवन विहारमा बास गरिरहनु भएको बेला उपरोक्त गाथा गौतम बुद्धले चूलकाल उपासकको कारणमा भन्नु भएको थियो।

चूलकाल भन्ने उपासक एकदिन उपोसथको दिनमा उपोसथ व्रत लिएर दिनभरि विहारमा बसे र त्यो रात पनि धर्म श्रवण गरी विहारमै बिताए। बिहान हुन लाग्दा उनी मुख धुनको लागि सँगैको पोखरीमा गए। संजोगवश केही चोरहरूले चोरेर ल्याएको धनमाल उनकै अगाडि छोडेर भागे। चोहरूलाई पक्रन लखेट्दै आएका धनका मालिकहरूले चोरिएको धनमाल सँगै चूल उपासकलाई देख्दा उनै चोर हुन् भनी ठाने। चोर भन्दै उनलाई बेस्करी पिटे र चुटे। भाग्यवश त्यहाँ केही दासी केटीहरू पनि पानी लिन आईपुगेका थिए जसले चूल उपासकलाई चिन्थे। दासी केटीहरूले यिनी चोर होइनन्, यसलाई हामी चिन्छौं भनेर साक्षी प्रमाण दिईदिए। यसरी चूलकाल बच्यो। सोही घटना जेतवनमा भिक्षुहरूलाई थाहा भयो। भिक्षुहरूले भगवान बुद्धकहाँ चूलकाललाई लगेर विहान भएको घटना बारे वृतान्त सुनाए। सबै कुरा सुनेपछि भगवान बुद्धले चूलकाललाई सम्बोधन गरेर भन्नुभयो- "आज दासी केटीहरूले बचाएर तिमी चोर भनाउनुको आरोपबाट बच्यौ। तर यो यति कारणले मात्र होइन तिमीले साँच्चै चोरेका छैनौ र तिमी निर्दोष छौ त्यसैले पनि तिमी बच्यौ। जसले पाप कर्म गर्छ उसले दुर्गति प्राप्त गर्छ, तर जसले कुशल काम गर्छ, त्यसैले सुगति पाउँछ वा निर्वाण प्राप्त गर्छ।" यसरी धर्म देशना दिएर गौतम बुद्धले उपरोक्त गाथा भन्नु भयो।

धर्मदेशनाको अन्तमा चूलकाल उपासक स्रोतापति फलमा प्रतिष्ठित भए। ■

## कर्म सुधारौं

✍ **सरोज उदास**, पोखरा-३

नबनोस् धर्म कर्मकाण्ड
बनोस कर्म सुधार।
कर्म सुधार बिना हुन्न
मानव जीवन उद्धार॥

बनाउ चित्त वाणी शुद्धि
बनाउ काया शुद्धि।
सेवा दान भावले बनाउ
पुण्य कमाई बृद्धि॥

राग र द्वेष मोह लोभले
हुन्न निर्मल चित्त।
ब्यर्थ हुन्छ आशा गर्नू
सुख शान्ति हित॥

धर्म के हो ? कर्म के हो ?
बुझौं प्रष्ट पहिल्ये।
भाका किन ? सुकर्मलाई
गरौं यहि अहिल्ये॥

कल्याणकारी हुने सबको
गरौं कुशल कर्म।
सुख शान्ति हुने सबको
गरौं शुद्ध धर्म॥

# हामी बौद्ध र हाम्रो मन

✍ विश्व शाक्य, पोखरा

साँझ झमक्कै परिसकेको थियो । टेलिफोनको घण्टी बज्यो । सकेन्द्रले फोन उठायो । फोन म तिर तेर्स्याउँदै सकेन्द्रले भन्यो -'काका फोन ।'

तमु विद्यार्थीहरूको तर्फबाट सधैं झैं यो पटक पनि पत्रिका प्रकाशन हुँदै रहेछ । त्यस पत्रिकामा प्रकाशनार्थ एउटा रचनाको लागि सम्पर्क गर्न खोजिएको रहेछ । रचनाको कुरा उठ्दा जिज्ञासाबस 'कस्तो खाले रचना खोज्नु भएको ?" भनेर मैले सोधें । उताबाट बुद्ध धर्म सम्वन्धि रचना पाए बेश हुने बताइयो र मसँग भए आजभोलि नै पाउन पाए हुन्थ्यो भनियो । मैले हेरेर जानकारी दिने वचनबद्धता व्यक्त गरें ।

रचनाको लागि फोनमा यत्ति कुरा भएपछि तत्काल मन व्याकुल भयो । मनको स्वभाव यस्तै हुन्छ, चाहे मन पर्ने कुरा होस् चाहे मन नपर्ने कुरा, शारीरिक इन्द्रियसँग स्पर्श हुनासाथ व्याकुल भैहाल्छ । राम्रो कुरा भए राम्रो कुरा छुट्ला भन्ने व्याकुलता, नराम्रो कुरा भए अपसकुनको व्याकुलता । त्यही भएर भगवान् गौतम बुद्धले या भनौं बुद्ध पुरुषहरूले मनलाई जहिले पनि स्थीर र समतामा स्थापित गरिरहन सिकाउँदै आइरहेको । सम्झाउँदै आइरहेको बुझाउँदै आइरहेको । तर हामी उनैका अनुयायी, हामीलाई त नाना थरी, नाना जात-जाती र भाषा-भाषी बौद्ध कहलाइनु छ । उनले सिकाएको अर्थ्याएको र बताएको ज्ञान सिक्ने फूसर्द कहाँ छ ? कस्लाई छ ? हामी शाक्य-जन्मजात बौद्ध । हामी बज्राचार्य-बौद्ध धर्म रक्षक ! हामी बुद्धाचार्य-बौद्ध धर्म पालक । हामी शेर्पा, हामी लामा । हामी गुरुङ्ग हामी तामाङ्ग । हामी ठारु, हामी चौधरी- हामी सबै जन्मजात बौद्ध । हामीले जानेको यही हो । हामीलाई हाम्रो मान्यजनले सिकाएको यही हो । हामीलाई फलानाले थिचो मिचो गऱ्यो । हामीलाई धिस्कानाले पैसाको बलमा धर्म परिवर्तन गरायो । हामीलाई त्यसले यस्तो गऱ्यो । उसले त्यस्तो गऱ्यो भन्न र भनाउन बाहेक केही सिकेकै छैनौं केही सिक्ने कोशिस नै गरिरहेका छैनौं । त्यसैले हामी बौद्ध हौं भन्दा भन्दै अबौद्ध भैरहेका छौं । हामीले हामी बौद्ध हुनुको गौरब एकातिर आत्मसात गरिरहेका छौं भने अर्कोतिर बौद्ध हुनुको महत्तालाई अलिकति पनि व्यवहारमा उतार्न सकिरहेका छैनौं । त्यही भएर बौद्ध हुनु र बौद्ध कहलिनु आज एउटा नारा मात्र हुन गैरहेको छ ।

मनको स्वभाव यस्तै हुन्छ ! "आफू ताक्छु मूडो बन्चरो ताक्छ घूँडो ।" मनको व्याकूलता बारे चर्चा के लेख्न लागिएको थियो कुरो पुग्यो बुद्धको नाम बेच्ने सम्म ! के वास्तव मै हामी बौद्ध हौं भन्नेहरूले बुद्धको नामै बेचिरहेका त छैनौं ? एक पटक मनलाई बास्तवमै समतामा स्थापित गरेर सोंच्नै पर्ने पो हो कि !? हामी बौद्ध हुनुको अर्थमा मनलाई कहीं कतै पूर्वाग्रह, अनुग्रह, साम्प्रदायिक र अति आस्थामा नराखि तटस्थ स्थितिमा राखेर चिन्तन, मनन् मात्र होइन साधनागत रुपमा (व्यवहारिक रुपमा) अनुभव गरेरै हेर्ने हो भने 'बुद्ध' भन्ने शब्द कुनै देवी देवता, अराध्य देव वा कुल देवताको नाम नभएर त्यो गुण बोधक शब्द हो जुन शब्दले "बोध गरेको', 'जानेको', 'बुझेको' भन्ने जनाउँछ । त्यो व्यक्ति जसले सत्यलाई सत्य भनेर बुझेको छ, जानेको छ र त्यो जानेको कुरालाई आफूले जीवन व्यवहारमा पनि उतारेको हुन्छ, त्यही व्यक्तिलाई 'बोध गरेको व्यक्ति' 'सत्यलाई बुझेको व्यक्ति' वा 'बुद्ध' भनिन्छ । यस अर्थ र सन्दर्भमा 'बुद्ध' हुनलाई वा बुद्धले गर्ने वा गरेको आचरण गर्ने 'बौद्ध' हुनलाई सत्यलाई सत्य कै रुपमा पहिचान गर्ने र झुठोलाई झुठोकै रुपमा पहिचान गर्ने क्षमता हुनु अनिवार्य देखिन्छ । जब सम्म कुनै व्यक्तिले सत्य र झुठको पहिचान गर्न सक्तैन, त्यस व्यक्तिमा मिठ्यादृष्टि रहिरहन्छ, त्यो व्यक्ति वा व्यक्तिहरूको समुदाय कहिल्यै पनि कहिं पनि बुद्ध हुन र बौद्ध कहलिन सक्तैन । किनकी भगवान बुद्ध स्वयमले भन्नु भएको छ -

*अभिञ्ञेय्यं अभिञ्ञातं, भावेतब्बंच भावितं ।*
*पहातब्बं पहीनं मे तस्मा बुद्धोस्मि ब्राह्मण ।*

**(अर्थ- जतिपनि जान्नुपर्ने कुराहरू छन् जानिसकें, त्यसलाई अभ्यास गर्नुपर्ने ठानी भाविता (अभ्यास) गरिसकें र ममा भएका जुन कुसंस्कार छन् नराम्रो स्वभाव विद्यमान छ त्यसलाई विल्कूल त्यागिसकें त्यसैले ब्राह्मण म बुद्ध हुँ ।)** र भगवान गौतम बुद्धले यो पनि भन्नु भएको छ -

*न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो !*
*कम्मना वसलो होति कम्मना होति ब्राह्मणो !!*

**(अर्थ- जातले कोही पनि शुद्र हुँदैन न जातले कोही ब्राह्मण हुन्छ, कर्मले मानिस शुद्र हुन्छ कर्मैले मानिस ब्राह्मण हुन्छ)**

भगवान गौतम बुद्ध द्वारा कठित उपरोक्त दुई



Downloaded from http://www.dhamma.digital

शत्रुबाट स्पष्ट बुझ्न सकिन्छ बुद्ध हुनु वा बौद्ध हुनु कुनै व्यक्ति विशेष वा जात-जाती, धर्म-भाषा विशेषको उपज होइन । 'बुद्ध' हुनु वा 'बौद्ध' हुनु भन्नुको अर्थ मानिसमा आफूभित्र अन्तर्निहित राग, द्वेष, मोह जस्ता विकारबाट निर्विकार हुनु हो । मानिस आफू विकास रहित भएर आफ्नो भलाईका साथ साथै अर्काको पनि भलाईमा उद्दत रहनु 'बौद्ध' हुनु हो । बौद्ध कहलिनु हो ! तर हामी जन्मजात बौद्धहरू पुर्खाहरूले ठटाउँदै आएको ढ्याङ्ग्रो ठटाउन, पुर्खाहरूले बजाउँदै आएको घण्टा बजाउन र होमादि कर्म काण्ड गर्न बाहेक अरु जान्ने र बुझ्ने चेष्टानै कहिले गरेका छौं र ? गर्न पनि परेकै किन छ ? ढ्याङ्ग्रो ठटाए, घण्टी बजाए, होमादि कर्म काण्ड पुऱ्याएर सजिलै 'बुद्ध' र बौद्ध बन्न सकिने भए पछि मनको विकास हटाउने विनसित्तिको तन्ता कस्ले गरिरहोस् !? भाँड्मे जावस बुद्ध र बुद्धले सिकाएका बुद्ध गुण, धर्म गुण र संघ गुणका कुराहरू । भाँडमे जावस् अनित्य र अनात्मका कुराहरू । हामीलाई त बस 'बौद्ध' कहलिनु छ । हामी बौद्ध हौं । जन्मजात बौद्ध हौं । यसरी नै हामी निरन्तर देखि निरन्तर सम्म बौद्ध थियौं, बौद्ध हौं र बौद्ध रहने छौं ।

पाठक वृन्द, देख्नु भयो मनको कमाल ? कहाँको आँटी कहाँको झोलुङ्गा । रचनाको लागि फोन आएको के थियो यत्रो माँटी गन्थन । मनलाई एउटा बाहना चाहिन्छ, मनलाई एउटा निहूँ चाहिन्छ बस मन यत्ति वहकिन्छ कि देखिहाल्नु भयो, पढी हाल्नु भयो । त्यही भएर मनको यस्तो स्वभावलाई चिनेर भगवान बुद्ध भन्नुहुन्छ- "मनको स्वभाव (धर्म) हो जुनसुकै काममा पनि अगुवा हुनु र मन मूख्य भएर जतासुकै पुग्नु । त्यसैले, अशुद्ध मनले कसैले बोल्यो वा केही गऱ्यो भने गोरुको पछि पछि गाडाको पाङ्ग्रा आए झैं दु:ख पछि लागेर आउँछ ।"

अस्तु ।

**धर्म प्रचार** — **समाचार**

## पोखरामा विपश्यनाध्यान कक्ष समुद्घाटन

पोखरा, २४ मंसीर । मैत्री संघ पोखराले नारायण स्थानमा निर्मित विपश्यना ध्यान कक्ष मैत्री संघ भवनको आज भिक्षु ज्ञाणपूर्णिक महास्थवीरले एक समारोहका बीच उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रमका अवसरमा महास्थवीरले विपश्यना ध्यानको बारेमा प्रकाश पार्दै गौतम बुद्धले बुद्ध दर्शनलाई बुद्ध धर्मको लेवल नलगाउनु भएको, बुद्धको मृत्युपछि मात्र यस दर्शनलाई बौद्ध, बुद्ध, महायान आदिका नामबाट धार्मिक लेवल लगाइएको बताउनु भयो । धर्म भनेको प्रत्येक व्यक्तिको आफ्नो गुण हो, गुण नभैकन कुनैपनि व्यक्ति समाजमा प्रतिष्ठित बन्न सक्दैन भन्नहुँदै उहाँले बुद्ध दर्शनलाई सम्प्रदायका रुपमा कुनै आचार्यले विभाजन नगरेका भएपनि यो बौद्धहरूकै कारणबाट विभाजित हुन गएको उल्लेख गर्दै बुद्ध दर्शनलाई साम्प्रदायिक धर्मको रुपमा लेवल लगाउन नहुने स्पष्ट पार्नुभयो ।

जीवनको अन्वेषण गर्ने विधिलाई विपश्यना ध्यान भन्ने गरिएको बताउँदै उहाँले प्रत्येक धर्मले हिंसालाई नराम्रो मान्दै आएको, तर दिनदिन यस्ता घटना बढ्दै गइरहेका छन् । यदि हिंसालाई धर्मले स्वीकार्ने हो भने भ्रष्टाचार र अत्याचारलाई पनि स्वीकार्न सक्नुपर्छ भन्नुभयो ।

समाजमा रहेको विकृति र विसंगतीको अन्त्यको निम्ति अर्काको भन्दा आफ्नो चरित्रको मूल्याङ्कन गरेर अगाडि बढ्दै सदा होशियारी हुनुपर्छ– उहाँले भन्नुभयो ।

कार्यक्रममा धर्मशीला बुद्ध विहारका भिक्षु श्रद्धानन्दले मन्तव्य दिँदै अर्को व्यक्तिको दोष केलाउनु भन्दा आफ्नो कर्मको मूल्याङ्कन गरेर अगाडि बढ्नु पर्ने बताउनु भयो ।

मैत्री संघ पोखराका अध्यक्ष गोविन्द ताम्राकारको अध्यक्षतामा भएको सो कार्यक्रममा संघका सम्मानित सदस्य डा. भूवनरत्न स्थापित, सल्लाहकार वीलबहादुर गुरुङ्ग, बौद्ध अर्घौं सदनका अध्यक्ष उमरध्वज गुरुङ, पोउमनपा-३ का वडाध्यक्ष नारायण उदास, राजपरिषदका सदस्य गणेशबहादुर गुरुङ, तेजनाथ घिमिरे लगायतका वक्ताले बुद्ध धर्मको बारेमा आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । स्वागत मन्तव्य संघका उपाध्यक्ष विक्रम उदासले व्यक्त गर्नु भएको थियो निवर्तमान अध्यक्ष विश्वरत्न शाक्यको संयोजकत्वमा निर्माण गरिएको विपश्यना ध्यान कक्ष मैत्रीसंघ भवन निर्माणको निम्ति ४ लाख ४२ हजार खर्च भएको जनाइएको छ ।

कथा

# "तिमीले नै सँगै लिएर जानु"

विमला शाक्य
*धर्मकीर्ति बौ.अ. गोष्ठी*

म बज्यैको कोठाभित्र पसें । बज्यै कोठामा हुनु हुन्न । कहाँ जानु भो होला । आज पूर्णिमा मलाई भने विहारमा जान ढिलो भई सक्यो । नसोधीकन जाउँ भने रिसाउनु होला । त्यसमाथि घरको बुहारी हुँ म । आत्तिएर विहारमा गएर ढिलो फर्क्यो भनेर बेस्करी डाँटेको अहिलेसम्म मेरो कानमा गुन्जीरहेको छ ।

"गालि गरे के त । आफू नराम्रो काममा हिँडेको होइन् क्या रे ! बज्यैले पनि नबुझेर त त्यसरी गालि गर्नु हुन्छ होला नि ।" मनमा हिम्मत लिएर बज्यैलाई घरमा खोज्न म तलतिर गएँ । बैठक कोठामा बज्यैको भाई मामाबाजे आईराख्नु भएको रहेछ । मैले बज्यै र मामाबाजे दुबैलाई ढोगें । अनि बिस्तारै सोधें - "आज पूर्णिमा । विहारमा गएर आउँछु है ? आज शनिबार पनि हो । ढिलो भात पकाएपनि पुग्छ । कसैलाई छिटो खानु छैन ।" विहारमा जान अनुमति माग्न मैले भूमिका हालें । बज्यैले रिसाएर भन्नु भयो- "विहारमा गएरै मात्र धर्म हुन्छ र ? तल चोकमा पनि चैत्य छ । त्यहिं पूजा गर । त्यो पनि त भगवान बुद्ध हो नि । नजिकको द्यौतालाई हेला । विहारमा बस्ने भिक्षु, भिक्षुणीहरू कामसाम गर्नुछैन । दान प्राप्त गर्न सबैलाई भुलाई राख्ने त हो नि ।"

आफ्ना श्रद्धेय भन्ते, गुरुमांहरूलाई बज्यैले यसरी नराम्ररी भनी दिँदा मलाई मनमा झनक्क रीस उठ्यो । तर मुखले केही भनिंन । बिहानै पाल्नु भएका मामाबाजेले पनि बलेको आगोमा घिउ थप्दै भन्नु भयो- "विहारमा जानेहरू खालि जलपान खानलाई त जान्छन् नि । बाटोभरि चाहिने नचाहिने कुरा गरेर हिंड्छन् । विहार बाट फर्केर घरमा पुग्ने बितिक्कै आफूले भने जस्तो पाएन भने रिसाउँछन् । हामीलाई हेर त ! कहिले स्वयम्भू जान्छु, कहिले पशुपति जान्छु । ७० वर्ष पुगीसकें यतिकै बलियो छु । अहिले सम्म चस्मा राख्नु पऱ्या छैन । दाँत झऱ्या छैन ।" फेरि मामाबाजेले आफ्नो बुहारीको बखान गरेर भन्नु भयो -" हाम्री बुहारी त विहार सिहार जाँदैनन् । पढे लेखेकै छ । तिमी जस्तै अफिस पनि जान्छ । घरको काम पनि गरी हाल्छ । बरु त्यसको बानि नराम्रो भनेको असाध्य सिनेमा हेर्छ । कहिले कता कहिले कता सिनेमा हलमा नयाँ फिल्म चल्यो भन्दै हेर्न गईरहन्छ । घरमा पनि टि.भि. हेर्न पायो भने खान पनि पर्दैन, सुत्न पनि पर्दैन त्यसलाई ।"

मैले बज्यै र मामाबाजेको कुरामा टेर नगरी विहारमा जानलाई हिँडी हालें । बाटोमा मनमा कुरा खेलीरह्यो -"म विहारमा गएँ भनेर के घरको काम छोडेर आएको छैन क्या रे । खै अहिले त उनीहरूले गालि गरे पनि पहिले जस्तो रीस उठ्दैन । पहिले त धेरै रिसाउने बानि थियो मेरो । रीसकै कारण मेरो कतिपय काम बिग्रीसक्यो । अहिले पनि मनमा झनक्क रीस नउठ्ने त होइन । तर छिटै होश गर्न सक्छु । "वैरभावले वैर शान्त हुँदैन, मैत्रि भावले नै वैर शान्त हुन्छ ।" भन्ने बुद्धको वाणी भन्ते, गुरुमांहरूबाट सुनेको मलाई त औषधी नै भएको छ ।

मनमा कुरा खेलाउँदै गएको म विहारमा पुगें । ढिलो भएकोले बस्ने ठाउँ नै छैन । बल्ल एउटा बस्ने ठाउँ भेटाएर बसें । भगवान बुद्धको मूर्ति सामू नै पऱ्यो । श्रद्धाले बुद्धपूजा गरें । बुद्धपूजा सकिएपछि भन्तेले उपदेश दिनुभयो- 'सिगालोवाद सुत्र' को बारेमा । गृहस्थीहरूले पालना गर्नु पर्ने कर्तव्य सम्बन्धि उपदेश हो । आमाबाबु प्रति छोराछोरीको कर्तव्य, छोराछोरीप्रति आमाबाबुको कर्तव्य, पति प्रति पत्निको कर्तव्य, पत्नि प्रति पतीको कर्तव्य ... ... ... इत्यादि ।"

विहारबाट फर्केर घरमा आफ्नो काम गर्न भ्याएँ । दिउँसो खाना खाएपछि एकछिन बसेर आज विहान विहारमा भन्तेले सुनाउनु भएको धर्म देशना सम्झें । मनमा लाग्यो - आजभोलि धेरै मानिसले आ-आफ्नो कर्तव्य बिर्सीसके । खालि अधिकारको कुरा गर्छ ।



Downloaded from http://www.dhamma.digital

आजको बुद्धको शिक्षा धेरैलाई सुनाउनु सके केही भएपनि मानिसहरूको व्यवहारमा सुधार आउन सक्नेछ। हाम्रो घरको मान्छेको आचरण पनि राम्रो हुन सक्छ। आज बिहान सुनेको उपदेश त बिर्सनु हुँदैन, बा भन्ठानी एउटा कापी कलम लिएर लेख्न थालें आमाबाबु प्रति छोराछोरीको कर्तव्य–

- आमा बाबु वृद्ध हुने बेला छोराछोरीले राम्ररी सेवा गर्नु पर्छ।
- यदि आमा बाबु गलत बाटोमा लागेको छ भने सत्य धर्मको बाटोमा ल्याउनु पर्छ।
- शिक्षित भएर कुल ठान्ने हुनुपर्छ।
- परलोक भइसकेका आमाबाबुको नाममा दान धर्म गर्नुपर्छ।

× × ×

बज्यै बिरामि पर्नु भएको एक महिना भन्दा बढी भई सक्यो। खाना रुच्दैन, निन्द्रा लाग्दैन बज्यैलाई। डाक्टर भन्छ बुढेसकालको रोग हो। आजभोलि बज्यैको हेर विचार गर्दै मलाई फुर्सत छैन। कसरी भयो बज्यैलाई सुविस्ता होस् भनी प्रयास गरीरहें।

एकदिन मामाबाजे बज्यैलाई हेर्न आउनु भयो। मामाबाजेले भन्नुभयो- "आज त अष्टमी तिमी विहारमा जानु पर्दैन ?" मैले हाँस्दै भनें - "भगवान बुद्धले भन्नु भएको छ - जसले रोगीको सेवा गर्छ त्यसले मलाई सेवा गरेको हुन्छ। त्यसैले मामाबाजे अहिले त विहारमा जानु भन्दा बज्यैको सेवा गर्नु नै मेरो धर्म हो भनी ठानेकी छु।"

मामाबाजेले मुख अँध्यारो पारेर भन्नु भयो- "हाम्री बुहारी भने के भन्नु। घरमा काम भएको बेला सिनेमा हेर्न गयो भनेर अलिक मैले के गालि गरेथें रिसाएर माइति गएकी फर्केकै छैन। अस्ति म ज्वरो आएर हप्तौं थला परें। मलाई भात पकाएर खुवाउने पनि कोही भएन। बोलाउन पठाउँदा पनि आइनन्। केही राम्रो व्यवहार, आचरण सिकेकी छैन त्यसले।

मैले मौका छोपेर भनें -"मामाबाजे तपाइँकी बुहारीलाई पनि कहिले काहिं विहारमा पठाउनुस् न। विहारमा भन्ते गुरुमांहरूबाट बुद्ध शिक्षा सुन्ला नि।"

मामाबाजेले खुशि भएर भन्नु भयो- "हुन्छ नि ! तिमीले नै सँगै लिएर जाऊ।" ■

★

## ✿ धर्म प्रचार ✿ — समाचार

# भिक्षु कुमार काश्यप "विद्यालंकार पद्मभूषण" पदवीद्वारा विभूषित

२०५७ साल पौष १६ गते
(सन् २००० दिसेम्बर ३१)

विद्यालंकार पिरिवेण (College) श्रीलंकाले १२५ वर्ष अवधि पूरा गरेको उपलक्षमा हर्षोल्लासपूर्वक एक साप्ताहिक उत्सव मनाइएको समाचार छ।



उक्त साप्ताहिक उत्सवको अन्तिम दिनमा पिरिवेणमा तीन जवान शिष्यहरूलाई उनीहरूले धार्मिक, सामाजिक र शासनिक कार्यहरूमा पुऱ्याइएका सेवाहरूको कदर गरी "विद्यालंकार पद्म भूषण" पदवीले विभूषित गरिएको थियो। विहारको प्राङ्गणको सभा शालामा श्रीलंकाका प्रधानमन्त्रीज्यूको हातबाट उक्त "विद्यालंकार पद्म भूषण" गौरव उपहार पदवीबाट बिभूषित हुने एक मात्र विदेशी व्यक्तिमा त्रिपिटकाचार्य श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर हुनुहुन्छ।

त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर विद्यालंकार पिरिवेणमा वर्तमान विहाराधिपती प्रिन्सिपल र कुलपति श्रद्धेय भिक्षु कुसलधम्म महानायक महास्थविर ज्यूको निमन्त्रणामा भिक्षु धर्ममूर्तिका साथ पौष १४ गते श्रीलंका जानुभई माघ ३ गते स्वदेश फर्कनु भएको थियो।

Dhamma.Digital

## यात्रा संस्मरण

# भोजपुर-टक्सारको यात्रा- बुद्ध जयन्तीको जात्रा

✍ भिक्षु संघरक्षित; संघाराम

देशमा सन्तुलित क्षेत्रीय विकासको प्रक्रियालाई सुदृढ गर्न वि.सं. २०२९ सालमा सम्पूर्ण नेपाल अधिराज्यलाई प्रशासनिक दृष्टिले ४ बिकास क्षेत्रमा विभाजन गरियो। पुन: २०३८ मा सबभन्दा ठूलो सुदूर पश्चिमाञ्चल विकास क्षेत्रबाट महाकाली र सेती अञ्चललाई अलग्याएर पाँचौ विकासक्षेत्रमा गठन भयो। प्रत्येक क्षेत्रका लागि एक-एकवटा विकासकेन्द्रको व्यवस्था अनुरूप यसरी निर्धारित गरिए- (१) पुर्वाञ्चल (मेची, कोशी, सगरमाथा) को केन्द्र धनकुटा (२८,४५६ व.कि.) (२) मध्यमाञ्चल क्षेत्र (जनकपुर, बाग्मती, नारायणी) को केन्द्र काठमाडौं (२७,४१० व.कि.), (३) पश्चिमाञ्चल क्षेत्र (गण्डकी, धवलागिरि, लुम्बिनी) को केन्द्र पोखरा (२९,३९८ व.कि.), (४) मध्य-पश्चिमाञ्चल क्षेत्र (राप्ती, कर्णाली, भेरी) को केन्द्र सुर्खेत (४२,३७८ ब.कि.), (५) सुदूर पश्चिमाञ्चल क्षेत्र (सेती, महाकाली) को केन्द्र दीपायल (१९,५३९ व.कि.) यसानुरुप १४ अञ्चल, ७५ जिल्ला र पाँच विकास क्षेत्रमा नेपाल अधिराज्य विभाजन गरिएका छन्। ती मध्ये पुर्वाञ्चल क्षेत्र अन्तर्गत रहेको कोशी अञ्चल पनि एक हो। यसै अञ्चलका विभिन्न जिल्लाहरूमध्ये भोजपुर जिल्ला पनि एक हो, जसको सदुरमुकाम हो - "भोजपुर बजार"।

"२५४४ औं बुद्ध जयन्ती उल्लासका साथ मनाउन म त भोजपुर नै जान्छु।" हो, यो मेरो दृढता थियो। बर्षदिन अगावै चैनपुरमा रहँदा- बस्दा देखिको अडिग संकल्प थियो। यसै संकल्प अनुरूप बिना कुनै विघ्न-बाधा, बिना कुनै तगारा भोजपुरतिर प्रस्थान गरें। एयरपोर्ट मै स्वागतार्थ उपासक-उपासिकाहरूको उपस्थितिले खासै अन्योलमा पर्नु परेन। आरामका साथ २५-३० मिनेटको पहाडी पैदल यात्रापश्चात् नै एउटा बस्ती देखा पऱ्यो। ज्ञात गरें, यस ठाउँको नाउँ "टक्सार" रहेछ।

दक्षिण-पश्चिमबाट सुन्दर पिखुवा खोला र पुर्वबाट मनोरम अखुवा खोलाले परिधिरूपमा शोभायमान गा.वि.स. हो - टक्सार। सदरमुकाम भोजपुर बजारदेखि करिब आधा माइल दक्षिण पर्ने बजार हो- टक्सार। नागबेली बगेका साना-ठूला नदीनालाहरू, झरझर झरिरहेका मनमोहक झरनाहरू, यत्रतत्र चारैतिर आकर्षक ठूला-साना पहाडहरू, हरियाली स-साना वनजंगलले सुशोभित घना बस्तीको यस बजारलाई देखेर आँखा नै शितल भयो, मनमा प्रसन्न-प्रफुल्लताको संचार भयो, आफैंमा गद्‌गद् अनि हर्षले विभोर भएँ।

यही बजारको मध्यस्थमा अवस्थित श्री शाक्यमुनि बिहार" मा पुगेर पैदलयात्रा समाप्त भयो। अहो! यस्तो दुर्गम क्षेत्रमा पनि यसानुरुप राम्रो र आकर्षक विहार होला, मैले कल्पना पनि गरेको थिइनँ। दुईतिर लाइनै विहारका हल तथा कोठाहरू, अगाडी सानो चोक र चोकको बीचमै बडो सुन्दर चैत्य थियो। यो चैत्य प्रमुखत: शाक्य समूहबाट २०१३ साल तिर चुडाकर्म कार्यलाई अग्रसर गर्न निर्माण गरेका रहेछन्। थाहा पाएअनुसार, यसअघि महिनौंको पैदलयात्रा गरेर चुडाकर्म गर्न पनि काठमाडौं उपत्यका पुग्नुपर्थ्यो, जहाँ अत्यन्त शोषण पनि हुन्थ्यो रे! पछिबाट थेरवाद शासन अनुरूपै यसै टक्सारमै चैत्य बनाई चुडाकर्म कार्य गरेका रहेछन्, जुन परम्परागत संस्कृतिलाई तत्कालीन चुनौती नै रहेको स्थानीय विहारका उपासक-उपासिकाहरू सहस्र स्वीकार गर्दछन्।

यस विहारको विकास र उत्थानको लागि २००८ सालतिर यहाँ "शाक्यमुनि बौद्ध संघ" को स्थापना भएको थियो। यसै संघद्वारा अद्यावधि विहारको विभिन्न कामकार्वाही सम्पन्न हुन्छन्। २५४४ औं बुद्ध जयन्तीको शुभ अवसरमा पनि यसै संघको प्रमुख नेतृत्वमा साप्ताहिक कार्यक्रम कार्ययोजना भइरहेका थिए। आफू पूर्णिमाको ३ दिन जति अगाडि २ गते मात्र पुगेको हुनाले आजकै दिनदेखिको कार्यक्रममा सरिक भएँ। टक्सार बजारमा सामूहिक शान्तिपद यात्रा कार्यक्रम भएकोले समूचा जस्तो अजारबजार नै भ्रमण गर्ने दृश्यावलोकन गर्ने सुवर्ण अवसर नै पाएँ। बाक्लो रूपमा घरहरू भएर पनि मान्छेहरूको ठ्याम्मै अभाव पाएँ। कुनै घरमा आंशिक परिवारसंख्या मात्र छन् त कुनै-कुनै घर खाली प्राय: छन्। यसैले पनि होला, त्यत्रो ठूलो बजारमा पनि २-३ वटा भन्दा बढी पसलहरू प्राय: देखिएन।

सम्वत् १८७०-२००७ सालसम्म पनि टक्सार जुल्जार अवस्थामा थिए। श्री ५ गीर्वाण युद्ध विक्रम शाहको समयमा तत्कालीन प्रधानमन्त्री भीमसेन थापाको आदेशानुसार १८७०/७२ सालतिर "सिरसे" मा रहेको



Downloaded from http://www.dhamma.digital

तामाखानी संचालनार्थ खानीबाट उत्पादित तामालाई खपत गर्ने उद्देश्यले डोली पैसा नामको एक पैसा, दुई पैसा र पाँच पैसाको टक काट्ने टक्सार अड्डा एक र तामा खानीको रेखदेख गर्ने खानी अड्डा एक सरकारी स्तरका कार्यालय पनि खुलेका रहेछन्। टक्सार अड्डामा टक मार्ने कामको लागि पाटन र काठमाण्डौ शहरबाट कालीगढहरू झिकाइएका रहेछन्। त्यसैको संसर्गबाट विशेषत: पाटनबाट खानीद्वारा उत्पादन हुने पर्याप्त तामा धातुको आधारमा सम्पूर्ण भाँडाबर्तन बनाउने कालीगढहरू आई बसोवास गर्ने क्रम तिव्र रूपमा हुनथाले। पछि २००० सालसम्म पनि विभिन्न तहका व्यापारी, कलाकार र अन्य व्यवसायीहरूको प्रवेशमा निरन्तरता चलि नै रह्यो। यसावधिसम्म पूर्वी पहाडी नेपालमा 'टक्सार' एक ऐश्वर्यशाली बजारको रूपमा विकसित भएका थिए, यसमा कुनै शंका छैन।

छैन भन्नुपर्ने कुनै कुरा नहुने तवरले यहाँका उत्पादनशील उद्योग व्यवसाय फष्टाइरहेका थिए। यहाँको भाँडाउद्योग क्षेत्रले वरिपरिका १०-१२ गाउँलाई बजारको खोजी गर्दै दार्जलिंग, सिक्किम, भुटान, आसाम आदि स्थानसम्ममा पुगेर पनि बिक्री गर्दथे। यहाँका कालिगढ, साहु, व्यापारी, कलाकार आदि सबै व्यवसायीहरू आ-आफ्नो कामको ब्यस्तताका बावजुद पनि धार्मिक-सामाजिक सेवाका भावनाहरूमा व्यापकता प्राय: थियो।

समयको क्रमिकतासँगै टक्सारको व्यापारिक स्थिति खस्कँदै जानु, सदरमुकाम नभइदिनु, बाटोघाटोको जक्सन नपर्नु, माछा आए भित्री हात, साँप आए बाहिर हात" भन्ने प्रकृति बजारमा हुनु तथा गुणीहरूलाई उचित स्थान दिन नसक्नु आदि जस्ता विविध कारणले गर्दा टक्सारको व्यवसाय र संस्कृतिमा ठूलो ह्रास, नाश-विनाश हुनथाल्यो। युवा पिंढीहरू सुनौलो भविष्यको कल्पनामा उचित रोजगारको खोजिमा बाह्य सुविधायुक्त क्षेत्रमा नै संक्रमण गर्न रुचाए। परिणामत: अन्यत्र बसाई सर्ने क्रममा निरन्तरता र टक्सार सुख्ने क्रम जारी नै रह्यो, अद्यावधि यही अवस्था विद्यमान भइ नै रह्यो।

३ गते! बुद्ध जयन्तीको साप्ताहिक कार्यक्रमानुसार दैनिक विहान १ घण्टा ज्ञानमाला भजन, त्यसपछि त्रिरत्नगुणको अनुस्मरणमा बुद्ध पूजा एवं धर्मदेशना कार्यक्रम सम्पन्न भयो। दिउँसोपख स-साना तीनसयौं बच्चाहरूलाई कल्पबृक्ष दान भयो। आफ्नै तीव्र इच्छा-आकांक्षा अनि योजनाले, दूर स्थानको चारिकामा केही सार्थकता तुल्याउनमा पनि साप्ताहिक कार्यक्रममा समावेश नभए तापनि रात्रीप्रहरको ८ देखि ९ बजेसम्मको धर्मदिशना कार्यक्रम राख्न लगाएँ। ज्यादै हर्ष लाग्यो, सुखको अनुभूति गरें, बृहत् श्रद्धालु व्यक्तिहरूको साथमा विविध जनजातिका प्रतिनिधिहरूको पनि समुपस्थिति भएको देखें।

४ गते! प्रभातकालीन नित्य कर्म परिसमाप्त भयो। त्यसको लगत्तै असक्त विरामीहरूलाई सामूहिक रूपमा दान-प्रदान गर्ने कार्यक्रमानुरूप जिल्ला हस्पिटलमा पुगेर दानादि पुण्यकार्य गऱ्यौं। जिल्लाकै केन्द्रिय अस्पतालको रुपमा केन्द्रित यो अस्पताल राम्रो, ठूलो र सुविधायुक्त देखिएतापनि डाक्टरहरूलाई स्थायीरूपमा राख्न नसकेकोमा स्थानीय जनताहरू दु:ख प्रकट गर्दछन्। हवाइमार्ग एकलाई छोडेर स्थलगत यातायातको ज्वलन्त समस्या रहेको ठाउँमा अझ डाक्टरहरू नहुँदा तिनीहरूको हालत जुनसुकै अवस्थामा पनि नाजुक नै देखिन्छन्।

दिउँसो बौद्ध हाजिरी जवाफ प्रतियोगिता सुभारम्भ भयो। अमिताभ रत्नसंभव, अमोघसिद्धि, अक्ष्योश्य र वैलोचन नामक सहभागी समूह मध्ये वैलोचन प्रथम तथा अमोधसिद्धिले द्वितीय स्थान हासिल गर्न सफल भए। रात्री गिलान पूजा भनेर विभिन्न धूप-पुष्प आदि चढाएर बुद्धपूजा भयो। यस लगतै उपस्थित श्रद्धालुजनहरूलाई बुद्धोपदेशित केही धर्मदिशना कार्यक्रम पनि भयो। तत्पश्चात् आउँदो दिन बुद्ध जयन्तीको लागि प्रसाद वितरणार्थ पोको बनाउन बृहत् व्यक्तिहरूको भेला र जमघट भए, भजन र जाग्राम चलिरहे। यसर्थ पनि, ११ बजेभन्दा उतासम्म पनि विहारमा चहक एवं चहलपहलले यत्रतत्र सर्वत्र स्मरणीयता नै छाइरह्यो।

५ गते! बैशाख-पूर्णिमा-बुद्ध पूर्णिमा! समस्त बौद्धजन मात्रको नयाँ वर्ष! समस्त श्रद्धालुजनहरूको विहारमा उपस्थिति देखियो। सदा झैं ज्ञानमाला, बुद्धपूजा भयो, जन्म, बुद्धत्व लाभ र महापरिनिर्वाण रूपी त्रिसंयोगपूर्ण बुद्ध पूर्णिमाको विषयमा प्रवचन धारा प्रवाहित भयो। तत्पश्चात् विहारको दक्षिणी तलतिर अवस्थित बोधिबृक्षको प्रतीक पिपलबोटमा श्रद्धाभावले विभोर हुँदै कृतज्ञ गुण स्मरणसंगै जल अर्पण भयो। त्यसै विषयमा प्रवचन पनि सुसम्पन्न भयो। यसै स्थानको नजिकै पहिला टक छाप्ने घर पनि स्थानीय उपासककै माध्यमद्वारा छर्लङ्ग देखें।

दुई नबज्दै भगवान् बुद्धको सुन्दर प्रतिमालाई रथमा सुसज्जित गराए, व्यक्तिहरूको काँधमा उठाइए र बजारको बाटो हुँदै बृहत् जन-मानसको भेलासँग रथयात्रा प्रारम्भ भयो, वैशाख पूर्णिमाको जात्रा थालियो। प्रत्येक घर-घरको दैलो-दैलोमा पुगेर स्थानीय घरका बासिन्दाहरूबाट दर्शन-पूजा गराएर मात्र मन्दगतिमा रथयात्राले गति लिंदै थियो । बृहत्कालसम्म यात्रा र जात्रा चलिरह्यो। घुम्दै र फिर्दै उक्त यात्रा विहारमै पुगेर धर्मसभाको रूप धारण गर्नुपुग्यो ।

प्रत्येक प्रायः बुद्ध पूर्णिमासरि यस बखत पनि मेघगर्जन एवं बर्षाले ठूलो भव्य सुस्वागत गर्न थाल्यो । धर्मसभाको ध्यान विथोलियो तर पनि धैर्यशील श्रद्धावान उपासक-उपासिकाहरू रुझेर, भिजेर पनि, छाताको सहारा बोकेर पनि अनुकूल उचित स्थानमा बसिनैरह्यो । पानी पराइको प्रमुख कारणले प्रवचन छोट्टियो, उपस्थित गण्यमाण्यजनहरूको मन्तव्य छोट्टियो। मन्तब्यकै क्रममा गा.वि.स.का अध्यक्षबाट विहारको उत्थान एवं विकासको लागि रु. २० हजारको बजेट छुत्याएको सार्वजनिक गरे, जुन प्रशंसनीय एवं अनुकरणीय भएको कुरा नकार्न सकिन्न ।

१९९३ सालमा भिक्षु महाप्रज्ञा र अमृतानन्द भन्तेहरूको यस टक्सारमा पदार्पण भएका थिए । यसै वर्ष नेपाल अधिराज्यमै पहिलो जस्तो बुद्ध-जयन्ती कार्यक्रम सम्पन्न भएको कुरा विहारका उपासक-उपासिकाहरू दावा गर्दछन् । प्रारम्भमा कुलधन शाक्यद्वारा निर्मित एक सतललाई १८ दिनको परि श्रमद्वारा माटोकै बुद्धमूर्ति बनाई स्थापना भएका थिए। त्यसैबेला यसको नामाकरण "श्री शाक्यमुनि विहार" भनी गरेका थिए। भन्तेहरूकै योगदानस्वरूप अद्यावधि बुद्धोत्सवमा मात्र नभई नित्य पूजामा पालि गाथा र नेपाल भाषाका श्लोकहरू पढ्ने र पाठ गर्ने चलन छँदैछ । किन्तु तत्कालीन स्थानीय राणा सरकारले बुद्धधर्म र नेपालभाषा प्रचार गऱ्यो भन्ने आरोपमा भन्तेहरू लगायत उपासक-उपासिकाहरूलाई पनि अनेकतनेक दुःख - कष्ट दिने, जेलमा जाकिने एवं त्यहाँबाट निकाला गर्ने क्रम जारी नै रह्यो ।

२०१८ सालमा आएर यहाँ ठूलो महापरित्राणको आयोजना भयो, जुन ९ दिनसम्मको निरन्तरतामा संचालित थियो, जुन काठमाण्डौ उपत्यका बाहिर पहिलो महापरित्राण रहेको कुरा स्थानीय श्रद्धालुजनहरू गर्वका साथ प्रकट गर्दछन्। यसै समयमा विभिन्न भन्तेहरूको समूह धरानबाट पैदलयात्रा गर्दै पनि पुगेका थिए, महापरित्राण सुसम्पन्न गरेका थिए । यसै भिक्षुसंघको समुपस्थितिमा "श्री शाक्यमुनि विहार" लाई संघदान गरिसकेका थिए किन्तु हाल विहारको बिग्रंदो हालत दृश्यावलोकन गरी क्षिसंघले केही-कुनै विचार नपुऱ्याएकोमा ठूलो दुःख पोख्न थाल्छन् । आस्थावान् धर्मप्रेमी व्यक्तिहरू ।

टक निकाल्ने आधारमा "टक्सार" नाम रहन गएको यस स्थानलाई "खिका-माछा" पनि भन्ने गरिन्छ। पहिले-पहिले यस धुमका राजा "खिका" भन्ने थिए । यहाँका बासिन्दाहरू बर्षाबेला पिखुवा खोला (करिब ३ माइल टाढा) बाट माछा ल्याई प्रशस्त सेवन गर्ने गर्दथे। "खिका" राजा पनि माछा प्रेमी भएकाले नै यस ठाउँको नाउँ 'खिकामाछा' रहन गएको थियो । यहाँका आदि निवासी किराँती भनिएकाले "माफ किराँत'" पनि भन्ने चलन रहेको पाइन्छ। खानीबाट धातु ल्याइ टक छापिने हुनाले यस ठाउँलाई "खानी अड्डा टक्सार" पनि भन्ने गर्दथे।

टक्सारको सिरानमा एक मनोरम बन छ - कैलास पर्वत । यसै वनमा अवस्थित एक विशालकाय चट्टानमा उपसंघनायक श्रद्धेय भिक्षु सुबोधानन्द ध्यान भाविता गर्न जाने गर्दथे रे ! आफू पनि काठमाडौं फर्कनु अघि १०-१२ बच्चाहरूको समूहसँगै कैलाश पर्वतमा पुगेको थिएँ, हाँसखेल र अति रमाइलोले हृदय गद्गद् भएका थिए। यसै पर्वतको फेदमा र बजारको बीचमा "तीनधारा" रहेको छ । अबिरल बग्ने उक्त धाराको उद्गमस्थल जमिनबाट फुटेर आएको मूल नै हो । टक्सार भरिकै मान्छेलाई पानीको तृप्ती गराउँदै आएको यस तीनधाराको पानी मिठो र सफा छ, शुद्ध र शीतल छ । ९-१० दिन रहँदैबस्दैको अन्तरालमा यसै धाराको पानीले नुहाएको थिएँ, हरेक दैनिक जीवनमा उपयोग गरेको थिएं ।

टक्सारका बहुसंख्यक जनताहरू बुद्ध, धर्म र संघप्रति दृढ आस्था राख्ने बौद्ध मार्गी नै छन्। यसै पावन भूमिबाट श्रद्धेय भिक्षुहरू शाक्यानन्द, विवेकानन्द, सुबोधानन्द, सुगतानन्द, प्रज्ञारश्मि, विमलज्योति आदि भन्तेहरूको बुद्धशासनमा अभ्यूदय भएका थिए । त्यस्तै नेपालका जेष्ठ अनगारिका सुशीला लगायत रत्नमञ्जरी, शिलाचारी, सुजाता (पछि गृहस्थीमा फर्केकी) आदि बुद्ध शासनमा भित्रीएर प्रब्रजित भएका थिए । हेर्दै जाने हो भने बजारको ठाउँ-ठाउँमा पनि चैत्य आदिले



Downloaded from http://www.dhamma.digital

शोभायमान छन् । यहाँ नेपालभाषा बुझ्ने र कुरागर्ने बृहत् मात्रामा छन् भने अन्य जातिका व्यक्तिहरूले पनि यो भाषा राम्ररी बुझ्ने र कुरा गर्नसक्ने पनि विद्यमान छन् । प्रमुखत: शाक्य, ताम्राकार, महर्जन, श्रेष्ठ आदि नेपालभाषाका जातिहरू रहेको यस स्थानमा आंशिक तामाङ, बाहुन, क्षेत्री, मगर, दमाइ, कामी आदि जनजातिहरू पनि छरिएर रहेका छन् ।

व्यापार एवं धनसम्पत्ति आर्जनकै प्रमुख उद्देश्य बोकेर यस टक्सारमा प्राय: मान्छेहरू बसोवास गर्न आएका रहेछन् । उनीहरूले भाषासहित संस्कृति पनि जीवन्त रूपमा बोकेर ल्याएका छन् । बुद्ध जयन्ती, गठेमंगल, लाखेजात्रा, गाईजात्रा आदि अनेक पर्वहरू मानेर आन्तरिक एवं दर्शक समुदायहरूको पनि भरपुर मनोरञ्जन गराउने गर्दछन् । बेलाबखतमा धार्मिक, सामाजिक नाटकहरू मञ्चन भइरहन्छन् त संगीतकार, गायकहरू पनि प्रशस्तै पाइन्छन् । किन्तु व्यक्तिहरूको पलायनवाद विचारधाराले गहिरो नकारात्मक असर जमाएको देखिन्छ । सबैले दलीय भावनालाई एकातिर पन्छाई आफ्नो जन्मस्थल, वासस्थानको बिकासको निम्ति एकत्रित एवं संगठन भई स्वहित र परहितको लागि संघर्षरत रहनुपर्ने तड्कारो देखिन्छ । जस्तोसुकै आपद-विपद र समस्याहरूको पहाडै खडा भइएतापनि यत्किञ्चित कम्प नभई, विचलित नबनी धैर्यताका साथ सामना गर्न सक्षम हुनुपर्दछ ।

२५४४ औं बुद्ध जयन्ती मनाउने क्रममा ऐतिहासिक स्थल टक्सारमा पुगें, देखें र विभिन्न अनुभव-अनुभूतिको संगालो संकलन गरें । अझ सदरमुकाम भोजपुर बजारको चकाचौध एवं व्यस्त बजार पनि दृष्टिगत गरें, २-३ घण्टाको उकाली-ओराली भीर-पखेरोको बाटो हुँदै बोखिममा निर्मित बौद्ध विहार (गुम्बा) र प्रतिस्थापित थाइ प्रतिमा पनि देखें विहारको केही पर अवस्थित अत्यन्त पुरानो चैत्यको ठीक अगाडि रहेको ऐतिहासिक गुम्बा (सरस्वती गुम्बा) भित्र सुति-सुति अप्ठ्यारैले पनि हुलें, भित्र-भित्र डुलें । अखुवा खोला पुगें, पिखुवा खोला देखें, कोट डाँडा घुमें, बृहत् क्षेत्रको भ्रमण गरें । समय पंखा लगाएर उड्दै थियो । निश्चित छुत्त्याइएको समय छोट्टिदै थियो । रुन्चे मुहारमा उपासिकाहरू केही थप दिन बस्न आग्रह गर्दैथिए, भोजनको पालोसम्म पनि लिन नपाएकोमा तिब्र गुनासो व्यक्त गर्दै थिए । मनको गहिराइमा समाविष्ट भएका स-साना बच्चाहरूले पनि चाँडै नफर्कन, केही दिन संगै बसेर रम्न याचना गर्दैथिए । बस्न मन नलागेको पनि होइन, लागेकै थियो, अझ रमाउन चाहेकै थिएँ तर क्याम्पसी पढाईको स्मरणले म त्रसित थिएँ, पुग्नैपर्ने एकप्रकारको बाध्यता प्राय: देखें । नाबालकसरि जिद्दीमै अडिग रहें, जाने दिन निश्चित गरें । अरुका साथै बच्चाहरूको "प्लेन नआइजाओस्" भन्ने एकल शब्दस्वरले मनमनै आशंकित थिएं । नभन्दै जाने दिनमा घण्टौंको एयरपोर्ट पर्खाइमा पनि मौसमी गडबडी एवं बाक्लो हुस्सु र कुहिरोको कारण प्लेन आएर पनि जमिनमा ओर्लन नसकेर त्यसै फर्कियो । अचानकै बच्चाहरू एकदम प्रफुल्लित हृदयसँगै रमाएर करिब-करिब चिच्चाए नै ।

एयरपोर्टभित्र पुगेर पनि जान नसकेकोमा असन्तुष्ट थिएँ, भित्रभित्रै दु:खी भएं तर पनि अझ टक्सार बासीसंग साथमा रम्न र बस्न पाउने आशमा नै प्रशन्न रहें, खुशीले मुख उज्यालो पारें । प्रत्येक रात्री झैं यसदिन पनि बृहत् उपासक-उपासिकाहरूले १० भन्दा उतासम्मै कोठाभरि जम्मा भए, लामो प्रवचन भए । सबैको नजदिकताले आफ्नोपनको अनुभूति हुनुपुग्दा रहेको आत्मियताको गहिरो आभाष दिलाउँदा रहेछन्, उफ् !

अस्त भएको सूर्य पुन: उदय भयो । चारैतिर उज्यालो छायो । भोलि पल्टको बिहान भयो । जलपानको समाप्तिपश्चात् ७ बजेकै सुनियोजित फ्लाइटबाट सम्पूर्ण श्रद्धालुजनहरूलाई, ऐतिहासिक टक्सारलाई नै विदाको संकेतसंगै हात हल्लाएं । प्लेनको संकुचित सीटमा बस्दै मनमा विचार धाराको भावतरंगहरू तरंगित गराइरहें - अहो ! भोजपुर-टक्सारको आलिंगनबाट उछिटेर टाढिदै छु, धेरै टाढा जाँदैछु । केही छैन, यसको यादगार अविस्मरणीय क्षण र झझल्को त मैसँग लाँदैछु, जुन हृदयको प्रत्येक ढुकढुकीमा छन्, मुटुको स्पन्दन-स्पन्दनमा छन् अनि कहिल्यै नछुटिने नअलगिने जीवनको डायरीमा अमिट छाप बनेर रहेका छन् ।

*सन्दर्भ सूचि:*


१. भोजपुरे नेपालभाषा व संस्कृति, शाक्य लालधन, विद्याधरी स्मारिक, २०५२
२. "खिकामाछा टक्सारको स्मरणीय परिचय" टमोट काशीनाथ, बिद्याधरी
३. "तीनधारा", टमोट रत्न बहादर विद्याधरी
४. "सामवेद संगितको जनक हो', ताम्राकार वासुदेव, विद्याधरी
५. "विद्याधरी सार्वजनिक पुस्तकालय स्थापनाको प्रसंगमा गुल्जार टक्सारको एक स्मरण" कार्की दान बहादुर, बिद्याधरी
६. "नेपाल परिचय" श्रेष्ठ हिरण्यलाल, २०५२


■

# अरूका बालबालिका पढाएर खुसी हुनेहरू

✍ डिकमान विरही

काँकरभिट्टा । शिक्षित र सभ्य समाजको चाहना राख्नेहरू विपन्नवर्गका बालबालिकाहरूलाई आफ्नै निजी लगानीमा शिक्षाको उज्यालो मार्गतिर डोऱ्याउन उत्सुक देखिनथालेका छन् ।

भर्ना शुल्क र पाठ्यसामग्रीको अभावमा विद्यालय जान असमर्थ बालबालिकालाई विद्यालय भर्ना गर्ने र सामान्य पाठ्यसामग्री उपलब्ध गराएर शिक्षा हासिल गर्ने अवसर सिर्जना गर्नेहरूमा चारआलीका टंकनाथ भूर्तेल, शरद शिवाकोटी तथा स्वर्गीय रुद्र अधिकारी अग्रिम पंक्तिमा देखिनुभएको छ ।

समाजसेवी भूर्तेलले स्थानीय शहीद दशरथ माविमा र लिटल एन्जल्स आवासीय अंग्रजी माविका १०/१० जना जेहेन्दार तथा गरिब विद्याथीहरूलाई सोको ब्याज रकमबाट शिक्षाको अवसर दिनुभएको छ । शरद शिवाकोटी र स्व. रुद्र अधिकारी (गत कात्तिकमा दिवंगत) ले पनि शहीद दशरथ माविमा प्रत्येक वर्ष ५/५ जना गरिब विद्यार्थीहरूलाई विद्यालय भर्ना गरिदिने व्यवस्था मिलाउनु भएको छ ।

साहित्य चौतारी झापाका प्रमुख संरक्षक विर्तामोड निवासी देवीभक्त श्रेष्ठले साहित्य चौतारीको तर्फबाट देवी निमावि विर्तामोड, महेन्द्ररत्न मावि विर्ताबजार र शहीद दशरथ मावि चारआलीका लागि एक एक छात्र/छात्रा गरी प्रत्येक विद्यालयमा दुई दुई वटा छात्रवृत्तिको कोटा उपलब्ध गराउने घोषणा गर्नुभएको छ ।

त्यस्तै विद्यालयमार्फत साहित्य चौतारीमा रचना र चित्रहरू सम्प्रेषण गर्ने काममा अग्रस्थान प्राप्त गर्ने विद्यालयलाई प्रत्येक वर्ष आलोपालो गरी सोही अनुसारको दुई-दुई वटा छात्रवृत्तिको कोटा उपलब्ध गराउँदै जाने बचन दिनुभएको छ ।

धाइजन निवासी चन्द्रप्रसाद सापकोटाले आफ्नी स्वर्गीय धर्मपत्नी विन्दियादेवीको स्मृतिमा बलभद्र जनता माविमा ५० हजार रुपियाँको अक्षयकोष खडा गरी प्रत्येक वर्ष कक्षा-५, कक्षा ८ र एसएलसी परीक्षामा सो माविका विद्यार्थीमध्ये उत्कृष्ट अंक प्राप्त गर्ने छात्र-छात्रालाई छात्रवृत्ति प्रदान गरिरहनुभएको छ ।


विर्तामोड निवासी भरतराज प्रसाईंले आफ्नी स्वर्गीय छोरी रेखाको सम्झनामा पुरस्कार स्थापना गरी प्रत्येक वर्ष एसएलसी परीक्षामा नेपाली विषयमा झापा प्रथम हुने एक छात्रालाई उत्कृष्ट पुरस्कर वितरण गर्दै आउनुभएको छ भने सुरुङ्गा निवासी कोमलप्रसाद पोखरेलले आफ्ना स्वर्गीय छोरा सूर्य पोखरेलको स्मृतिमा पुरस्कार स्थापना गरी प्रत्येक वर्ष एसएलसी परीक्षामा नेपाली विषयमा झापा प्रथम र कन्काई मावि सुरुङ्गा प्रथम हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्दै आउनुभएको छ ।

गरामनी-२ निवासी स्वर्गीय लक्ष्मण मुखियाले आफ्नी स्वर्गीय पत्नी कुमारी मुखियाको स्मृतिमा पुरस्कार स्थापना गरी प्रत्येक वर्ष लक्ष्मी निमावि गरामनीबाट कक्षा ५ र श्रोत केन्द्र भरिबाट कक्षा ८ मा सर्वप्रथम हुने छात्राहरूलाई पुरस्कृत गर्ने परम्परा बसाल्नुभएको थियो ।

बाहुन्डाँगी, घैलाडुब्बा, बुधबारेलगायतका केही गाविसहरूले आफ्नो गाविस क्षेत्रभरिबाट प्रत्येक वर्ष एसएलसी परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने छात्रछात्रालाई प्रोत्साहनस्वरूप नगद पुरुकार दिने परम्परा थालनी गरेका छन् भने धुलाबारी जेसीज र वीरता जेसीजले पनि जिल्लास्तरीय परीक्षा र एसएलसी परीक्षामा जिल्लाबाट उत्कृष्ट अंक ल्याउने छात्रछात्राहरूलाई प्रोत्साहनस्वरूप पुरस्कार र छात्रवृत्तिको व्यवस्था गरेका छन् ।

यसैगरी दुर्गा मावि गरामनीका शिक्षक खिलप्रसाद शिवाकोटीले झापाका नेत्रहीन बालबालिकाहरूलाई डोऱ्याएर विभिन्न विद्यालयमा शिक्षा हासिल गराउन र साहित्यिक, सांगीतिक, खेलकुद कलाको साधनाबाट स्वाभिमानका साथ जीउन सिकाइ रहनुभएको छ । ■

## अनेभि र नेपाल बौद्ध परियत्ति शिक्षालाई दान



दिवंगत भिक्षु अनोमदस्सिको निर्वाण कामना गर्दै नगर मण्डप श्रीकीर्ति विहारमा सम्पूर्ण भिक्षु संघ तथा अनगारिकाहरूलाई भोजन दान गरियो । दिवंगत भिक्षुको बैंकमा जम्मा भई राखेको दान दक्षिणा रु. १ लाख ५ हजार मध्ये रु. ५५०००/- अखिल नेपाल भिक्षु महासंघ कोषका लागि र रु. ५००००/- नेपाल बौद्ध परियत्ति शिक्षालाई विहार - प्रमुख तथा दिवंगत भिक्षुका गुरु भिक्षु सुदर्शन महास्थविरबाट प्रदान गरिसकेपछि दिवंगत भिक्षुको चीवर वस्त्रादि सम्पूर्ण वस्तु प्रत्ययहरू पनि दान गर्ने कार्य भएको छ ।



Downloaded from http://www.dhamma.digital

# धर्म देशना–२

✍ ऊ ञाणीसार सयादो
*प्रस्तोता*– विजय लक्ष्मी शाक्य, *इतुम्वहाल*

आचिन्ह कर्म भन्नाले दिनहुँ अभ्यास गर्दै आएको कर्मलाई भनिन्छ। यो यति भारी र गह्रौं नभए पनि यसको प्रतिफल दु:खदायी शिकारीको जस्तो हुन्छ । यसले मर्ने वेलामा समेत ताप दिन्छ। महास्थविरको कुटीमा सातवटा घडाहरू भरीराखेको पानी समेत उसले पिउन खोज्दा खालि भइ दियो । रित्तो घडाहरू देखेर पानी थाप्ने सानो भाँडा वजारिदियो फल स्वरुप कुटी नै थर्क्यो । सो आवाज सुनेर महास्थविर आई पानी हेर्दा सात वटै भरेको देख्यो । त्यो शिकारीले भिक्षुको निन्दा गर्दै थियो कि दाताको भोजन गर्दछन्, चीवर लगाउँदछन्, पानी भने एक थोपा राख्दैनन् भनी बरबराइरहेको थियो । अनि भिक्षु आफैले त्यो शिकारीलाई पानी खुवाउनु पर्‍यो भनी सानो भाँडोमा पानी हाल्दा रित्तो पाए । थाहा पाउनु भएछ कि त्यो मिलक्ख शिकारीको दुष्कर्मको कर्म संस्कारले भएको हो र उ संग के काम गर्थ्यो भनेर सोद्धा उसले वृतान्त सुनाए । त्यस्तो अवस्था भोग्नु परेकोमा पश्चाताप भइ अरहन्तको पाईतलामा लडी वडी अनाथको शरण लिनु होस भनी प्रार्थना गरे। भिक्षुले २२७ वटा नियमहरू पालना गर्नु सजिलो छैन भनी श्रामणेर बनाई दिनु भयो। पछि उसको प्रार्थना अनुसार सर्व प्रथम ध्यान भावना विधि सिकाउन लाग्नु भयो । आनापान देखि लिएर धम्मानुपस्सना विधि सिकाइ दिनु भयो। उसले स्वास प्रस्वासको भावना पनि गर्न सकेन आफैले मारिएका जंगली जनावरहरू भित्र बाहिर गरीरहेको देख्यो । स्मृति राख्न सकेन। पश्चाताप भयो। छानोमा पनि मारिएका जनावरहरू हिंडेको अनुभव गरे। अनि निरास भएर गुरु कहाँ गएर गृहस्थी भएर घर फर्कने विचार पोखे। घर फर्के पछि त्यो भन्दा पनि डरलाग्दो दुर्गतीमा पर्ने हुन्छ भनी त्यहीं बस्न लगाए। दिन रात उद्योग गरे निन्द्रा लाग्दा परालको कल्ली बनाएर पानीले भिजाएर टाउकोमा हाल्थ्यो र ध्यान भावना गर्थ्यो। प्रवल रुपमा विधि प्रयोग गरी अति वीर्य प्रयोग गर्दा पनि चित्तलाई शान्त र स्थिर पार्न सकेन। पश्चाताप तथा चिन्तन मननको कारणले चित्त चन्चल भएको शिकारी ध्यान भावनामा मन लगाउन नसकि गुरुलाई अवगत गराउन गए। गुरुले अर्को सानो श्रामणेर सगैं पढ्न लगाउनु भयो । तर उसले अध्ययनबाट पनि फाइदा लिन सकेन । परियत्ति पत्तिपति पढन नसके पछि गृहस्थ बन्ने इच्छा पोखे । गुरुले भन्नु भयो कि उसले अवीची नरक भोग्नु पर्ने हुन्छ। अवीची नरकको आगो थाहा पाउन जंगलको वरी परीको घाँस रुखको हाँगाविंगाहरू सफा गरी थुपार्न लगाए । भिक्षुले अविद्या पनि जानेको हुनाले एक हातमा एक तील जत्रो आगो देखाए। त्यो देख्दा शिकारीले त्यति सानो आगो त सहन सक्छ भनेर भन्दा त्यो हातको आगोलाई ती काठमा डढाउनु भयो र त्यसले डराएर घर नफर्कने कुरा वताए। कुनै पनि क्षेत्रमा सफल हुन नसके पछि सजिलो काम जस्तो विहारमा पानीको घैंटोहरू भर्ने, चीवर वस्त्र, धोइदिने आदि गर्न लाग्यो। एक दिन पानी भर्न गएको मान्छे वालुवाको फाँतमा बसेर दिक्क मानी वसेको वेला अरण्य कुतीमा बसेर सानो श्रामणेरले पढिरहेको पाठ मधुरो आवाज सुन्ने बित्तिकै उसको चित्त समाधिष्ट हुन पुगे । सानो श्रामणेरको मधुर कर्णप्रीय स्वर जंगलको शान्त वातावरणले उसको मन पश्चातापबाट हटेर शान्त हुन लाग्यो । उसले एक एक अक्षरमा पनि निरीक्षण र परिक्षण गरेर ध्यान भावना गर्न नभइ नहुने सात गुणहरू उट्ठानतो सत्तिमतो … … … … … को एक एक अक्षरको अर्थ सम्झेर आफ्नो बुद्धिले त्यसलाई अभिवृद्धि गरी ध्यान भावना गर्न सफल भए, जसले गर्दा संयमित भई न्यायीक, धार्मिक जीवन यापन गर्न सक्ने क्षमतामा पनि वृद्धि हुन्छ । यसले शान्त वातावरणमा प्रिति सुख वृद्धि भई सजिलै संग समाधि जाग्ने हुन्छ । उसको मन पनि शान्त हुँदै गए कि आफ्नो गुरुको उपदेशले भन्दा पनि वढि प्रिति उत्पति भयो र समाधि जगाउँदै गए विपस्सनाका १० प्रकारका ज्ञान उठेर विपस्सना ज्ञानको उन्नति भई वालुवाको फाँटमै पलेटी कसेर वस्दा ध्यान मग्न भई श्रोतापन्न स्थितिमा पुगे। सानो श्रामणेरको मधुरो स्वर परतघोष प्रत्यय नै श्रोत भई दियो । त्यो पानीको भाँडो घुँडामा बसाउँदा ध्यान भावनालाई वढाउँदै उनी सकृदागामी अवस्थामा पुगे । त्यही स्मृतिले घैंटोलाई काँधमा हाल्दा अनागामी अवस्था प्राप्त गरे । गुरु कहाँ गएर ढोकाबाट आफ्नो जीवनको घटना प्रस्तुत गरे। क्रमश: शिकारीले श्रोतापन्न, सकृदागामी र अनागामी पद प्राप्त गरे तर उसको पश्चातापले विघ्न वाधा दिएको हुँदा अरहन्त हुन सकेन। त्यसैले धर्मको प्रभाव के कति छ भन्ने यो उदाहरण नै हाम्रो लागिग उपकारक हुनेछ भन्नुभयो । प्रवुद्ध र ज्ञानको रुपमा यसै प्रकार कुशल कर्मले अकुशल कर्मलाई पूर्ण रुपले दवाउन सकिन्छ । ज्ञानको पानी रुपी प्रज्ञाद्वारा धोएर शीललाई परिशोधन गर्न सकिन्छ भन्ने कथा जान्न आवश्यक छ। यसले दुवै परिस्थितिलाई वढवा दिन्छ। अन्तर्मन सम्म ज्ञान भर्न सकेमा, प्रज्ञा जगाउन सकेमा स्मृति भावनाले निर्वाण सम्म पुग्न सकिन्छ भनेर प्रष्ट्याउनु भयो।

*क्रमश:*

# क्षान्ति र मैत्री

भिक्षु अश्वघोषद्वारा लिखित
अनुदित वीर्यवती

## क्षान्ति – सहनशीलता

क्षान्ति भनेको सहन सक्ने गुण धर्मलाई भनिन्छ। गुण धर्म थुप्रै प्रकारका छन्। मानिस ठूलो बन्नलाई, महापुरुष हुनलाई, मानिसहरूको बीचमा प्रमुख व्यक्ति बन्नलाई, वा नेता कहलाउनका लागि र नेता बन्नलाई त्याग, सहनशीलता र मैत्रीभाव आदि गुणहरू नभई हुँदैन। ती गुणहरू मध्ये सबभन्दा नभई नहुने गुण हो, सहनशीलता। अरु गुण भन्दा सहन सक्ने गुण धर्म प्राप्त गर्न सबभन्दा गाऱ्हो छ। यहाँ मैले बुद्ध धर्म अनुसार र आफ्नो अनुभवको आधारमा क्षान्ति र मैत्रीको विषयमा व्याख्या गर्न लागेको छु।

धेरैजसो व्यक्तिलाई आफुलाई मन नपर्ने कुरो सुन्नुपर्दा, मन नपरेको खाद्य पदार्थ खान पर्दा, मन नपर्ने प्राणीहरू देख्यो भने, भोक लाग्यो भने, आफुलाई मन नपर्ने लुगा लगाउनु पऱ्यो भने, र आफुले भनेको जस्तो काम वनेन भने पनि रीस उठ्ने गर्छ। मन नपर्ने व्यक्ति देखेर मात्र होइन, आफूलाई मन नपर्ने व्यक्तिलाई कसैले मान सत्कार गरेको सम्म पनि देख्न नसकी रीस उठ्न थाल्छ। यस्तो रीस (क्रोध) लाई चल्मलाउन नै नदिई, उठ्नै नदिई होशपूर्वक सहन सक्ने गुण धर्म बृद्धि गर्नुलाई क्षान्ति वा सहन शक्ति भनिन्छ। क्षान्तिको शत्रु रीस वा क्रोध हो। सहने वानी नहुँदा र मैत्री चित्त नहुनुको कारणले गर्दा नै बेला बेलामा एक आपसमा झैझगडा र नाना प्रकारका अशान्तिहरू मच्चिराखेका हुन्छन्। सबै व्यक्तिहरूसंग सहन शक्ति भएको खण्डमा त एक आपसमा झैझगडाहरू हुने नै थिएन। (शत्रुभावना रहित भई) शत्रुहरू नै हुने थिएन। हो, इर्ष्या र अरुको भलो भएको देख्न नसकी, सहन नसकी डाहाले छटपटाउने स्वभावले गर्दा अरुलाई बिगार्नको लागि, अरुलाई खाल्डोमा खसाल्नको लागि विभिन्न आयोजना र प्रयत्नहरू गरिरहने व्यक्तिहरू पनि नभएका होइनन् (यस संसामा)। तर एक तर्फसंग सहने गुण धर्म भइदिएमा अर्को तर्फको शत्रुले त्यसै हरेश खानु पर्ने हुन्छ। शत्रु थाकेर चल्नै नसक्ने भइदिने छ। हामीले राम्रो चेतनाले अरुलाई विगार्ने विचार नराखी आ-आफ्नो काम गर्दै लगेको भए शत्रुले के गर्न सक्छ र? त्यसैले शत्रुलाई जित्ने एक ठूलो हथियार वा शस्त्र नै शहनशीलता हो।

बुद्धले भन्नु भएको छ, शत्रु नभइदिएको भए क्षान्ति पारमी पूरा गर्न नै पाउँदैन। शत्रु भएकोले नै सहनुपर्छ भन्ने गुण धर्म पनि भएको हो। कुनै एक व्यक्तिलाई ठूलो महापुरुष भनी मानिसहरूले नाम लिने र विद्वान गुरु भनी मान सत्कार गर्ने नै त्यस व्यक्तिमा भएका सहनशीलता नाम गरेको गुण धर्म भएर हो। बुद्धले यस्तो पनि भन्नु भएको छ, शत्रुहरू नभएको भए मानिसहरू मनपरी चलेर हिंड्ने छ। मनोमानी हुनेछ। शत्रु भएमा संधै सतर्क सावधान भएर बस्नेछ। त्यसैले शत्रुहरू पनि चाहिन्छ। पाली (बौद्ध) साहित्यमा शत्रुलाई "मार" भन्ने शब्द प्रयोग गरिएको छ। सिद्धार्थले मारलाई जिति सकेपछि मात्र बुद्धत्व प्राप्त गर्नु भएको थियो।

शत्रु भनेको बाहिर र भित्र गरी २ प्रकारका हुन्छन्। बुद्धले भन्नुभए जस्तै बाहिरको शत्रु त्यति डर लाग्दो हुदैन। हाम्रो काखी प्वालबाट अथवा भित्रबाट निस्कने शत्रु देखेर हामी बढि सतर्क र सावधान रहनुपर्छ। किनभने भित्री शत्रु धेरै डरलाग्दो हुन्छ। तर जस्तोसुकै शत्रुहरूसंग लडाइँ गर्न परे पनि क्रोधलाई हटाई सहन सक्ने गुण भएमा अवश्य पनि आफ्नो विजय हुनेछ। कहिले पनि आफ्नो हार हुनेछैन। पराजित भएर बस्नुपर्ने छैन।

यहाँ उल्लेख गर्न लागेको विशेष विषय नै कलह र झगडा नाश गर्नको लागि चाहिने ठूलो शस्त्र क्षान्ति अथवा "सहनशीलता" हो। यो हाम्रो व्यक्तिगत जीवनमा ज्यादै उपयोगी छ। अनि राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्तिलाई पनि शहनशीलता धेरै उपकारकरछ।

मैले यहाँ आफुले देखेको र आफूमाथि घटेको एक दुई घटनाहरू प्रस्तुत गर्न लागेको छु।

यस पंक्तिका लेखक एक पटक स्वयम्भूबाट सरासर शहरतर्फ लागिरहेको थिएं। विष्णुमती पुल विचमा पुगें, त्यहाँ शहरतर्फबाट एउटा फुर्तिलो व्यक्ति हात हल्लाउँदै आइरहेको थियो। स्वयम्भूतर्फबाट पनि



Downloaded from http://www.dhamma.digital

एउटा कृषक जस्तो साधारण व्यक्ति शहर तर्फ लम्किरहेको थियो । अचानक दुवै जनाको हात जुधेछ । फुर्तिलो व्यक्तिको हात अलि कमलो परेकोले हो कि उसलाई दुखेछ । फलस्वरूप उसले रिसाउँदै कृषकको गर्दन समात्दै भन्यो - "तँ बाटोमा हिंड्न पनि जाँदैनस् कि क्या हो ? तेरो एक्लौटी बाटो हो यो ? हेर ! कस्तो संग दुख्यो मेरो हात ।

ज्यापुले भने- "हँ ! के भन्नु भएको तपाईंले ? मेरो घाँटी थिच्न मन लाग्यो कि क्याहो तपाईंलाई ? कि गर्दन नै काट्न मन लाग्यो ? ल जे गर्न मन लाग्छ गर्नु" भन्दै टाउको थापि दियो । कृषकको यस्तो कुरा सुनी त्यस फुर्तिलो व्यक्तिको हात विस्तारै खुकुलो बन्दै गएछ । पछि केहि पनि नबोलिकन लुरुक्क परेर स्वयम्भूतर्फ पाईला सारे । यो घटना देखेपछि मलाई लाग्यो सहनु पर्छ भनेको कुरो त साँच्चिकै ठीक कुरो पो रहेछ ।

त्यस फुर्तिलो व्यक्तिले ज्यापूको गर्दन समातेको बेला त्यस ज्यापूले सहन नसकेको भए त्यहाँ दुवै जनाको टाउको फोडाफोड हुन्थ्यो होला । एक जनाले सहिदिएको हुनाले झगडा बढ्न पाएन ।

एकदिनको कुरो हो भारतमा बौद्ध तीर्थ यात्राको लागि घुम्न गएको थिएँ । त्यसबेला बाटोमा बस ड्राइभर ले अगाडि गइरहेको बैलगाडी (गोरुले तान्ने गाडा) चाकललाई "ए साले जल्दी हट्जा" भन्दै नराम्रो वचन प्रयोग गरे ।

अनि त के चाहियो र बैलगाडी वाला सरासर आई बस ड्राइभरको घाँटी समाटी झगडा गर्न थाल्यो । अनि बस चालक हाँस्दै ख्याल गर्दै भनेको त साँच्चिकै भयो तँलाई होइन ? जाऊ खुरुक्क भन्दै सम्झाउन पुग्यो । यति भनेपछि झगडा हट्यो ।

हुनत सहने भनेको पनि धेरै प्रकारले छन् । ठाउँ हेरी सहनु पर्ने हुन्छ । सहने कारणहरू पनि थुप्रै छन् । कसैले आफुसंग बुद्धि नभएको कारणले सहने गर्छ । कसैले आफू निर्बल भएकोले सहने गर्छ । कसैले आफ्नो लालच र राग इच्छा पूर्ति गर्नको लागि सहने गर्छ । कसैले छलकपटको कारणले सहिरहन्छ । कसैले धन सम्पत्ति प्राप्त गर्नको लागि लोभ चित्तको कारणले लोभी भई सहि रहन्छ । गाईको दूध- दुहुने व्यक्तिले गाईले लात्ताले हाने पनि सहेरै दूध दुहिरहन्छ । यसरी आफ्नो स्वार्थ पूर्ति गर्नको लागि सहने बानीलाई साँच्चिकै ठूलो र पवित्र चित्तको सहन शक्ति भन्न सकिंदैन ।

करुणा र ज्ञान दृष्टिले हेरेर अर्काको अज्ञानतालाई बुझी दया राखी सहने अर्थात् मैत्री चित्त वा अद्वेष चित्तले सहने कार्यलाई क्षान्ति भनिन्छ । यो एक महापुरुष गुण वा वोधिसत्व गुण हो ।

सहने वा क्षान्ति भनेको ठूलो गुण हो भनी बुद्ध आदि महापुरुषहरूले प्रशंसा गरिएको धर्म हो । यसको मतलब, जुनसुकै अवस्थामा पनि, अर्थात् आफूलाई अन्याय अत्याचार हुँदा पनि सहनु नै पर्दछ भनेको चाहिँ होइन । आफूलाई परेको दुःख कष्टबाट मुक्त हुनको लागि उत्साह र मेहनत नगरी सहनुपर्छ भनेको भन्दै हात बाँधेर बसेको खण्डमा यो ठीक ठाउँमा प्रयोग गरिएको क्षान्ति वा सहनशीलता हुन सक्दैन । भाग्यलाई दोष नदिई आफ्नो जीवनमा पर्न आएको आपदलाई निर्मुल पार्न कोशिस गर्न सक्नुपर्छ । सहनु पर्छ भन्दैमा अल्छी बनी त्यसै बसेको भए त्यसले राम्रो नतिजा दिंदैन ।

**सहनशीलताबाट सन्तोष प्राप्त हुन्छ ।**

अव सहन सकेको कारणले मनलाई सन्तोष र आनन्द प्राप्त हुन्छ भन्ने विषयमा केही कुरा उल्लेख गर्न चाहन्छु ।

पहिला पनि उल्लेख गरिसकें, सहन सक्ने गुण धर्मको विरोधी क्रोध हो भनेर । समाजमा बस्दा विभिन्न किसिमका मानिसहरूसंग संपर्क राखी काम गर्नुपर्ने हुन्छ । अझ विद्वान वर्गहरू संग भन्दा पनि केही नजानेको र अबुझ मूर्ख व्यक्तिहरूसंग वढि जीवन विताउनु पर्ने अवस्था आइपर्छ । त्यस्ता व्यक्तिहरूसंग काम गर्नु पर्दा अनेक प्रकारका नचाहिंदा कुराहरू सुन्नुपर्ने अवस्था पनि आइपर्छ । मनमा पीर लिइरहनु पर्ने हुन्छ । ढंग नपुऱ्याइकन, सिंग न पुच्छर हुने गरी काम गरिदिएको खण्डमा मनमा असन्तोष गरी बस्नुपर्ने हुन्छ । धेरै जसो सत्य भन्दा पनि असत्य कुरो बढि सुन्नुपर्ने हुन्छ । त्यस्तो समयमा मन बलियो पार्न सकेन भने, सहन सक्ने क्षमता भइदिएन भने मनमा ताप र पीर भइरहनेछ । बसमा बसी कतै टाढाको यात्रा गर्ने बेला रक्सी र चुरोट खाने व्यक्तिसंग पऱ्यो भने, धेरै कुरा गर्नुपर्ने गफाडी व्यक्ति संगै परेको बेला आफूसंग सहनशीलता भइदिएन भने मन खिन्न हुनेछ । त्यस्तो

अवस्थामा सहन सक्ने क्षमता भइदिएमा मात्र मनमा सन्तोष, आनन्द र सुखले ठाउँ लिनेछ । मानिसको स्वभाव जानी जसरी कराए पनि नसुने जस्तो बहाना गरी सहिरहेको खण्डमा झगडा हुनेछैन । ठूलठूलो स्वरले कराउनु पर्ने हुँदैन ।

त्यसैले यदि कसैले कडा वचन प्रयोग गरी गाली गरेपनि आफुलाई चित्त दुख्ने गरी केही कुरा गरेपनि आफूले पनि रिसाई बदला लिने नियतले झगडा गर्न गएमा, कुट्न र पिट्न गएमा दुवै पक्षलाई हित र लाभ हुने छैन । शत्रुता मात्र बढ्नेछ ।

"वैरले वैर कहिले पनि शान्त हुने छैन ।" भनी भगवान बुद्धले भन्नु भएको कुरो कहाँ सम्म सत्य हो भन्ने विषयमा एकपटक भित्री हृदयदेखि सोच्न योग्य छ ।

**यो सा यस्स डसे पादं तस्स पादं नसो डसे**
**एव मेवहि दुट्ठस्स अदोसो व पसंसितो**

-(रसवाहिनी)

अर्थ-

कुकुरले खुट्टामा टोक्यो भन्दैमा कुकुरको खुट्टामा कसैले टोक्न जाँदैन । त्यसरी नै दुष्ट व्यक्तिले गाली गऱ्यो भन्दैमा उसंग झगडा गर्ने बानी सज्जन व्यक्तिको लक्षण वा गुण होइन । यसरी सहन सकेमा परस्पर झैझगडा र कलह हराएर जानेछ । यसरी सहेको बानीले गर्दा राष्ट्र राष्ट्र बिच पनि मैत्री भाव वढेर शान्ति स्थापना हुनेछ ।

यो कुरो बुझाउनको लागि केही घटनात्मक उदाहरणह" प्रस्तुत गर्दैछु-

मेरो एक साथीले कुनै कुरा गलत तरिकाले बुझेको (Misunderstanding) कारणले हामी दुवैमा परस्पर वैमनस्यता छाइरह्यो । त्यस साथीले एक साथीलाई मेरो विषयमा मनमा आएजति दोष र लाञ्छना लगाउँदै लामो पत्र लेखेर पठाएको रहेछ । त्यस पत्रमा अश्वघोषलाई यो चिठ्ठी देखाउनु भनेर पनि लेखेको रहेछ । त्यसैले अर्को साथीले मलाई त्यो चिठ्ठी देखायो । चिठ्ठी पढि सकेपछि मेरो आँखाले केही देखेन । तुरुन्त चिठी लेखें । –

"जिन्दगीभरलाई । पुग्यो, मलाई नबोल्नु" भनेर । चार पाँच महिना पछि त्यही रिसाउने साथी काठमाडौं आएछ । त्यसैले बरोबर हामी दुईजनाको बाध्यता वस एउटै ठाउँमा भेटघाट भइरहन्थ्यो । दुवैजनाले एक आपसमा टुलु टुलु अनुहार हेरेर वसिरहन्थ्यौं । तर कुराकानी भने केही हुँदैनथ्यो । एकदिन एउटा घरमा निमन्त्रणा बोलाइयो । त्यो पनि हामी दुईजनालाई मात्र । दुबैजना संगै बसिरह्यौं । तर केही पनि कुरा गरेनौं । दाताहरूले भने दुवैजनालाई त्यत्तिकै मान सत्कार गरे । मेरो मन ज्यादै खिन्न भइरह्यो ।

दाताहरूले सोधे- तपाईहरू दुबैजनाको बोलचाल छैन कि क्या हो ? छैन भनेर जवाफ दिएँ । उनीहरूले भने - यो चाला त राम्रो भएन नि । सानोले ठूलोलाई अलि निहुरेर कुरा गरे भइहाल्यो नि ।

रिसाइरहेको साथीले भन्यो - ल ! कसरी बोल्ने ? जीन्दगीभरलाई पुग्यो । मलाई बोल्न नै पर्दैन भने पछि पनि कसरी बोल्ने ?

पछि उनीहरूले मलाई सोध्यो - त्यसरी चिठ्ठी लेखेको हो ?

हो भनेर जवाफ दिएँ । त्यसो भए तपाइँकै दोष हो, यसरी वैरभाव राखिछोड्नु राम्रो होइन भनेर उनीहरूले मलाई सल्लाह दिए । मलाई त लाज लाग्यो । यसरी बसिरहन भएन भन्ने विचार गरी त्यस नबोल्ने साथीसंग मैले नै पहिला बोल्न पऱ्यो भनी सोचें । अनि म त्यस रिसाइरहेको साथीसंग एकदिन कुराकानी गर्न पुगें । त्यसपछि त मेरो मनमा एउटा अनौठो र गजवको आनन्द र सन्तोष अनुभव भयो । यसलाई मैले शब्दबाट प्रकट गर्न सकिन । यो त आफैले अनुभव गर्नु पर्ने विषय हो ।

साधु-महात्मा र भिक्षुहरूका लागि नरिसाउने र सहने बानी एक ठूलो गहना हो । यो कुरो बुझाउनका लागि बुद्धकालिन घटनाहरू केही यहाँ प्रस्तुत गर्दैछु -

एकदिनको कुरो, साँझपख भिक्षु पुण्ण भगवान बुद्ध जहाँ रहनु भएको थियो, । त्यहाँ पुगी बुद्ध समक्ष आफ्नो विचार पोख्न थाल्यो । - भन्ते ! म एक्लै बसी श्रमण धर्म पालन गर्न मन लाग्यो त्यसैले मलाई केही उपदेश दिनुहुन अनुरोध गर्दछु ।

भगवान बुद्धले भिक्षु पुण्णलाई छोटो उपदेश र शिक्षा दिनुहुँदै सोध्नु भयो -

पुण्ण मसंग यसरी केही शिक्षा लिई तिमी कहाँ जान लागेको ?

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

## बुद्ध धर्म र विज्ञान

२०५७ पुष १ गते । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको प्रत्येक शनिवारिय कार्यक्रममा विभिन्न बौद्ध विद्वानहरूलाई निम्त्याइ प्रवचन कार्यक्रमको आयोजना गर्दै आएको कुरा विदितै छ । यसै क्रममा, यसदिन बौद्ध विद्वान श्री भुवनलाल प्रधानज्यूद्वारा "बुद्ध धर्म र विज्ञान" विषयमा प्रवचन दिनुभयो । उहाँले भन्नुभयो कि भगवान बुद्धले देशना गर्नुभएको धर्म व्यवहारिक र वैज्ञानिक धर्म हो । बौद्ध धर्म मात्र एक यस्तो धर्म हो जुन धर्ममा स्वतन्त्र चिन्तन कुनै कुरालाई विश्वास नगर्नु भनिएको छ । गुरुले भन्नुभएको भन्दैमा, पहिलादेखि चलिआएको भन्दैमा, किताबमा लेखिराखेको आदि भन्दैमा कुनै पनि कुरालाई श्विकार्नै पर्ने बाध्यता यसमा छैन । आफ्नै चिन्तन मननबाट व्यवहारमा मिल्छ भने मात्र विश्वास गर्ने स्वतन्त्रता यसमा पाइन्छ ।

२५०० वर्ष अगाडि भगवान बुद्धले भन्नु भएको कुरा आजको वैज्ञानिक युगमा प्रमाणित हुँदै आइरहेको छ । यस धर्ममा कुनै जाति विशेष, वर्ग विशेष नभएर सबै मानिसलाई बराबर व्यवहार गर्दछ । उहाँले भन्नु भएको छ अत्ताहि अत्तनो नाथो । आफु नै आफ्नो मालिक हो । संसारमा जतिपनि विकास भएको हो त्यो सबै मानिसले नै गरेको हो । मानिसभन्दा माथि देवताले गर्ने भन्ने अन्ध विश्वास यसमा छैन । कुनै पनि प्राणिको जन्म हुनको लागि पुरुष तत्व, स्त्री तत्व र ऋतुतत्वको आवश्यक पर्दछ भनेर भन्नुभएको कुरा अहिले आएर विज्ञानले परिमाणित गरिदिएको छ । त्यस्तै प्रकारले सबै बस्तु अनित्य छ । सबै कुराहरू परिवर्तनशील छन् । कुनै पनि स्थिर छैनन् । हाम्रो शरीर पुरै अणु अणुले भरिएको छ । चुट्की भरमा नै सत सहश्र कोटी परिवर्तन भइरहेको हुन्छ । उत्पति विनास भइरहेको छ । अणुलाई कलाप पनि भनिएको छ । कलाप आठवटा छ हरेक कलापमा चारवटा स्वभाव गुणहुन्छ । त्यो हो पृथ्वी, आपो, तेजो, वायु, यसै कुरालाई आज भन्दा ३२ वर्ष अगाडिमात्र लुइ वाल्टर भन्ने वैज्ञानिकले प्रमाणित गरिदिएको छ । उहाँले भन्नु भएको अष्ट कलापलाई यसरी नामाकरण गरेका छन् । इलेक्ट्रोन, प्रोटोन, पोजीट्रोन, न्यूट्रोन । यसमा पनि आन्टीइलेक्ट्रोन, आन्टीप्रोटोन, आन्टी पोजीट्रोन, आन्टीन्युट्रोन । यसरी बुद्ध धर्म एक वैज्ञानिक धर्म भएकोले आज संसारभर फैलिदै गइरहेको छ ।

उक्त दिन श्री श्यामलाल चित्रकारले कक्षा संचालन गर्नु भएको थियो ।

**धर्मकीर्ति विहार पुनः निर्माण शिलान्यास समारोह**

२०५७ पौष २२ गते, शनीवार । यस दिन धर्मकीर्ति विहार पुन: निर्माण शिलान्यास समारोह सुसम्पन्न गरियो । मिति २०२२ साल वैशाख २६ गतेको दिन धर्मकीर्ति विहारको नामबाट समुद्घाटित यस विहार विभिन्न दाताहरूको सहयोगबाट पटक पटक गरी निर्माण गरिएको थियो । दाताहरूको सहयोग पाएपछि पटक पटक कोठाहरू थप्दै निर्माण गरिएको यस विहारको वाह्य रुप राम्रो देखिए तापनि जग कमजोड हुँदै गएको कारणले यस विहारको पुन: निर्माण कार्य अत्यावश्यक भएको थियो । त्यसकारण काठमाडौं न:घल स्थित यस धर्मकीर्ति विहारको पुन: निर्माण कार्यको लागि सम्पूर्ण खर्च नक्साल निवासी द्रव्यमान सिंह, वसुन्धरा तुलाधरले व्यहोरिदिने भएको छ । यस विहार पुन: निर्माण कार्यको लागि १ करोड २५ लाख रकम खर्च लाग्ने अनुमान गरिएको छ ।

सत्रसय वर्गफित जग्गामा बनाउन लागिएको यस विहारको निर्माण कार्यका दाता श्री द्रव्यमान सिंहले बौद्ध भिक्षु भिक्षुणीहरूले राम्रो वासस्थान पावस् भन्ने आफ्नो मनसाय रहेको कुरा व्यक्त गर्नु भयो । उहाँले यस विहार निर्माण भइसकेपछि विहारमा बुद्ध मूर्तिहरू पनि स्थापना गरिदिने इच्छा व्यक्त गर्नुभयो ।

भिक्षु अश्वघोष महास्थविरले उपस्थित सहभागीहरूलाई पञ्चशील प्रार्थना गराउनु भई शुरु गरिएको उक्त कार्यक्रममा भिक्षु संघ र गुरुमांहरूको तर्फबाट परित्राण पाठ गरिएको थियो । काठमाडौं महानगरपालिकाका प्रमुख केशव स्थापितको प्रमुख आतिथ्यमा संचालित उक्त कार्यक्रममा म्यानमारका महामहिम राजदूत उ तेन वेनको पनि उपस्थिति थियो ।

भिक्षु बुद्धघोष महास्थविर, भिक्षु अश्वघोष महास्थविर, सयादो उ सुजन पिय, धम्मवती गुरुमां म्यानमारका राजदूत उ तेन वेन, काठमाडौं महानगर पालिकाका प्रमुख केशव स्थापित र विहार निर्माण दाता द्रव्य मान सिंह आदिले संयुक्त रुपमा विहार पुन: निर्माण कार्यको उद्घाटन गर्नु भएको थिए ।

उक्त कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा धर्मकीर्ति विहारकी प्रमुख धम्मवती गुरुमांले भन्नुभयो -

"विहार भनेको भिक्षु भिक्षुणीहरू बसोवास गर्नका लागि मात्र प्रयोग गरिने स्थान होइन। यस पवित्र स्थान गृहस्थ जीवन बिताइरहेका धर्मप्रेमीहरूले बुद्ध शिक्षा अध्ययन गरी त्यस शिक्षालाई आफ्नो जीवनमा प्रयोग गरी आ-आफ्नो जीवन सुखमय वनाउनका लागि पनि प्रयोग गरिने स्थान हो। १४ वर्षको उमेरमा वि.सं. २००६ सालमा बुद्ध शिक्षा अध्ययन गर्नको लागि म बर्मा गएँ। शिक्षा अध्ययन गरी वि.सं. २०२० सालमा नेपाल फर्के। त्यसवेला हामी दोगुणवती (बर्मी) गुरुमां), रत्नमंजरी गुरुमां (नेपाली) र म (धम्मवती गुरुमां) सहित तीन जना थियौं। तर त्यतिखेर हामी बस्नको लागि विहारको व्यवस्था नभएकोले पाटन हौगल स्थित मेरो बुबाको घरमा २ महिना बस्यौं। त्यस समय गणमहाविहारमा भिक्षु सुमंगलद्वारा स-साना बाल बालिकाहरूलाई बुद्ध शिक्षाको कक्षा सञ्चालन गरिराख्नु भएको थियो। उहाँ जापान जानु अघि भिक्षु सुमंगलले हामी ३ जवान गुरुमांहरूलाई उक्त कक्षा संचालन गर्ने जिम्मा लगाई जानुभयो। त्यसपछि हामी काठमाडौं ज्या-बहाल स्थित भाजुरत्न ज्ञानमानको घरमा रही बाल बालिकाहरूलाई बुद्ध शिक्षा सिकाउने काम गऱ्यौं। साथसाथै काठमाडौं ललितपुर र भक्तपुरको टोल टोलमा प्रवचन दिदै बुद्ध शिक्षा प्रचार गऱ्यौं। त्यसपछि केलटोल त:खाछ्यैं स्थित दानलक्ष्मी कंसाकारको घरमा रही धर्मप्रचार गऱ्यौं। यसरी थुप्रै उपासक उपासिकाहरूले (उपत्यकावासीहरूले) शहरको बीचमा हामीलाई बसोवास गराउन एक विहार निर्माण गर्न श्रीघ: स्थित (श्री रत्नबहादुर मालीको ६० फिट लम्वाई र ३१ फिट चौडाइ भएको) यस जग्गा खरिद गर्ने निर्णय गरियो। मेरा पिता हर्षमान शाक्यले मेरो नाममा छोडेको रकम रु. ३०००/- बाट जग्गाको मूल्य तिरी, रजिष्ट्रेशन खर्च रु. ५००/- काठमाडौ. ज्याबहालका चतुरत्न शाक्यले व्यहोर्नु भएको थियो। यसरी नै असनका लक्ष्मी प्रभा तुलाधर, जमलका केशरी लक्ष्मी कंसाकार र त:खाछ्यैंका दानलक्ष्मी कंसाकारको विशेष सहयोगका साथै अन्य उपासक उपासिकाहरूको ठूलो सहयोगमा धर्मकीर्ति विहार निर्माण गरी वि.सं. २०२२ साल वैशाख २६ गतेका दिन उद्घाटन गरिएको थियो।

यस विहारमा बसोवास गर्दै आएका बढ्दो संख्याका गुरुमांहरूलाई बस्ने ठाउँको उचित प्रवन्ध मिलाउनका लागि श्रद्धालु उपासक उपासिकाहरूले पटक पटक कोठाहरू थप्न आवश्यक आर्थिक सहयोग गरेका थिए। यसरी विहारको तल्लाहरू थप्दै गए र कोठाका संख्याहरू पनि बढ्दै गए। त्यसबेलाको विहार निर्माण कार्यमा सहयोग गर्नुहुने सबै दाताहरूलाई आयु आरोग्यको कामना गर्दै धन्यवाद दिँदैछु।

तर अहिले विहार जीर्ण हुँदै गएको कारणले गर्दा यसलाई पुन: निर्माण गर्नुपर्ने आवश्यकतालाई महशूस गरी यस पवित्र कार्यको लागि अघि सर्नु भएको दाता द्रव्यमान सिंह प्रमुख सपरिवारलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

यसरी नै विहार पुन: निर्माण कार्यका दाता द्रव्यमान सिंह तुलाधरको प्रतिनिधीको रुपमा दाताको मन्तव्य श्री रीना तुलाधरले पढेर सुनाउँदै भन्नुभयो- "धर्मकीर्ति विहारमा हरेक पर्व दिनहरूमा हुने धर्म देशना सुन्नका लागि आउने उपासक उपासिकाहरू धर्म हलमा नअटाई बाहिर बाटो बाटोमा, भऱ्याङ्गमा र बाहिरी चोकमा समेत बस्नु परिरहेको देखेर मैले यस बिहारमा थप कोठाहरू निर्माण गर्ने विचार गरेको थिएँ। तर विहारको जग नै कमजोड र जीर्ण भैसकेको जानकारी हुन आएकोले यसलाई पुन: निर्माण गर्नु पर्ने आवश्यकतालाई महशूस गरी यसकार्यलाई अगाडि बढाउने इच्छा जाग्यो। अनि मैले यहाँ परम्परागत ढंगले बिहार बनाउनका लागि पहिलेका दाताहरूसंग सल्लाह गरी अनुमति लिएँ। अनि यस कार्यलाई अगाडि बढाएँ। यस कार्यको लागि धम्मवती गुरुमाँले आफ्नो नाममा रहेको धर्मकीर्ति विहारलाई धर्मकीर्ति संरक्षण समितीको नाममा हस्तान्तरण पनि गरिदिनु भएको छ। जुन एक सराहनीय कार्य हो।"

प्रमुख अतिथीको आशनबाट बोल्नु हुँदै का.म.न.पा. का प्रमुख केशव स्थापितले भन्नुभयो- "आजको हाम्रो समाजमा धेरै जसो व्यक्तिको अरुलाई दिनु भन्दा पनि अरुसंग लिने प्रवृत्ति बढिरहेको देखिन्छ। अझ त्यतिले पनि नपुगेर अरुसंग छलकपट गरी लुटेर नै लिने प्रवृत्तिको जगजगी भैरहेको यस समाजमा पनि यस्तो ऐतिहासिक विहार बनाउनका लागि आफ्नो पसिना बगाई कमाएको धन खर्च गरी दान दिन खोज्ने दाता द्रव्यमान सिंहको यस कार्य सराहनीय रहेको छ। यसले गर्दा यस समाजमा लिने प्रवृत्ति भएका व्यक्तिहरू मात्र होइन दिने प्रवृत्ति भएका धार्मिक चेतना सहितका दाताहरू पनि बाकी नै रहेछन् भन्ने कुराको जानकारी भएको छ। जुन एक खुशी कै कुरा हो। आज भोली त धर्म चित्त राखी काम गर्ने व्यक्तिहरूलाई धेरै बाधाहरू तेर्सिने गरिन्छ। ती बाधा अड्चनहरूलाई पन्छाउँदै कार्य गर्न सक्नु हाम्रो कर्त्तव्य र बुद्धीमानी हुनेछ। यस्तो पवित्र ऐतिहासिक कार्यमा मलाई पनि सहभागी गराउनु भएकोमा आयोजकहरूलाई मेरो तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।"



Downloaded from http://www.dhamma.digital

स्मरणीय कुरो हो यही कार्यक्रमको विच दाता द्रव्यमान सिंहले धर्मकीर्ति विहारको पुन: निर्माणकार्य सकिएपछि धर्मोदय सभाले लुम्बिनीमा बनाउन लागिएको बिहार (जुन हाल विभिन्न कारणवश निर्माण कार्य स्थगित भैरहेकोछ) मा सहयोग गर्ने इच्छा व्यक्त गर्नुभएको छ ।

श्रीमती सुमन कमल तुलाधरले संचालन गर्नुभएको यस कार्यक्रमको अन्त्यतिर धर्मकीति विहार संरक्षण समितिका कोषाध्यक्ष श्री सानुरत्न स्थापितले बिहारका जग्गा दाता, बिहार निर्माण कार्यका पहिलाका र हालका दाताहरू लगायत कार्यक्रमका आयोजक र सहभागीहरू सबैलाई धन्यवाद ज्ञापन गर्नुभई कार्यक्रम समापन गर्नु भएको थियो ।

***(यस कार्यक्रमको सिलसिलामा धर्मकीर्ति विहार निर्माणार्थ पहिलाका सहयोगी दाताहरूको नाम र उहाँहरूले यस विहारको लागि सहयोग गरिएको क्षत्रको नाम पनि पाठकवर्गले जानकारी लिनु उचित देखिन्छ । यसको लागि बुद्ध सम्वत् २५४० वर्ष १४ अंक १ को "धर्मकीर्ति पत्रिकाको धर्मकीर्ति विहार एक परिचय" लेख हेर्नुहुन अनुरोध गरिन्छ । -सं.)***

## धर्म प्रचार

### भिक्षु शोभितको नेतृत्त्वमा संचालित कार्यक्रमहरू

- धरान बुद्ध विहारका उपासिकाहरूको आयोजनामा बौद्ध चारधाम तीर्थयात्रा कार्यक्रम समापन । उक्त यात्रामा भिक्षु शोभितले मार्ग दर्शन गर्नुहुँदै बुद्ध पूजा र धर्मदेशना गर्नुभई कार्यक्रम सफल पार्नु भएको थियो ।
- भिक्षु शोभितको नेतृत्त्वमा भारत र श्रीलंकामा ३५ जवान उपासक उपासिकाहरूको भ्रमण टोली भ्रमणको लागि प्रस्थान गरेको ।
- गण महाविहारमा अखिल नेपाल भिक्षु संघद्वारा संचालित नेपाल बौद्ध परियत्ति केन्द्र स्थापना । उक्त केन्द्रको केन्द्राध्यक्षमा भिक्षु शोभित नियुक्त हुनुभएको समाचार छ ।

### लुम्बिनीमा ज्ञानमालाको तर्फबाट बुद्धपूजा

ज्ञानमाला भजन खल: स्वयम्भूको आयोजनामा लुम्बिनीमा बौद्ध जागरण बुद्ध पूजा सम्पन्न गरिएको समाचार छ। भजन खल:का अध्यक्ष शान्तरत्न शाक्यको सभापतित्त्वमा सम्पन्न भएको उक्त कार्यक्रममा एक बौद्ध सभा पनि संचालन गरिएको थियो ।

भजन खल:का सचिव किरण कुमार जोशीको सभापतित्त्वमा सम्पन्न भएको उक्त बौद्ध सभामा भिक्षु विमलानन्द महास्थविरले धर्म देशना गर्नु भएको थियो। उक्त कार्यक्रममा प्रा. सुवर्ण शाक्य, वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर, लुम्बिनी विकास कोषका उपाध्यक्ष ओमकार प्रसाद गौचन, कोषका कोषाध्यक्ष छत्रराज शाक्य, र धर्मोदय सभाका अध्यक्ष लोकदर्शन बज्राचार्य आदि वक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

भजन खल:का भ्रमण टोलीले लुम्बिनीमा विदेशबाट निर्मित विहारहरूका साथै रामग्राम, कपिलवस्तु, गौतमी विहारको भ्रमण गरेका थिए भने मायादेवी मन्दिर देखि गौतमी विहार सम्म दीप यात्रा पनि गरिएको थियो ।

## समाचार

### मेत्ता सेन्टरलाई साधुवाद

२०५७ माघ १० गते । स्थान - बनेपा । यसदिन पूज्य भिक्षु अश्वघोष महास्थविरको अध्यक्षतामा ध्यानकुटी विहार संरक्षण समितीको बैठक सम्पन्न भएको समाचार छ । उक्त बैठकमा ध्यानकुटी विहार, बनेपामा संचालित "ध्यानकुटी बाल आश्रम" स्थापना काल देखि हालसम्म व्यवस्थित रूपले सन्तोषजनक रूपमा संचालन भई आएकोले ध्यानकुटी विहार संरक्षण समितीको तर्फबाट मेत्ता सेन्टरलाई साधुवाद प्रकट गरेको छ ।

स्मरणीय छ ध्यानकुटी विहार बनेपालाई भक्त मानन्धर वांख्योले पानीको व्यवस्थाको लागि रु. ५,०११/– चन्दा प्रदान गर्नुभएको छ ।

बाल आश्रमलाई-अनुदान :

अ.मुदिता रु. १,३७३/–, भिक्षु कुमार काश्यप रु. ५००/–, बनेपा नगरपालिका रु. ३,०००/–, बनेपा नगरपालिकाको तर्फबाट वडा सदस्य लक्ष्मी बाडे मार्फत प्राप्त– दराज १ थान, मेच २ थान, ठूलो टेबल १ थान । भिक्षु अश्वघोष रु. ५,८००/–

### यशोदा गुरुमां मन्त

किण्डोल विहार निर्वाण मूर्ती च्वना विज्या:म्ह यशोदा गुरुमां २०५७ पौष २३ गते ९८ दँया वैशय् अनित्य देह त्याग याना बिज्यात । २०५७ पौष २४ गते भिक्षु ज्ञाणपूर्णिक महास्थविर, भिक्षु उदयभद्र, भिक्षु आदिच्चो, रत्न मञ्जरी गुरुमां, उत्तरा गुरुमां, माधवी गुरुमां व धम्मवती गुरुमां प्रमुख ४७ म्ह गुरुमांपिनि समुपस्थिती वसपोलया दाह संस्कार ज्याझ्वः क्वचाल । उगु ज्याझ्वले उपस्थित जुया बिज्या:पिं भन्ते गुरुमांपिनि पाखें परित्राण पाठ याना बिज्यात सा भिक्षु ज्ञाणपूर्णिक महास्थविरं धर्मदेशना नं याना बिज्यात । मदुम्ह यशोदा गुरुमांया पुण्य स्मृती दान प्रदान व पुण्यानुमोदन यासे ज्याझ्वः क्वचायकूगु खः ।

## अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न

वि.सं. २०५७ माघ १९ र २० गते। लुम्बिनीमा माघ १९ र २० गते दुई दिने अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न भएको समाचार छ। उक्त सम्मेलनमा २४ वटा राष्ट्रका बौद्ध संस्थाहरू एवं बौद्ध भिक्षुहरू र विशेषज्ञहरूलाई निमन्त्रणा गरिएको थियो भने देशका विभिन्न विद्वानहरू लगायत थुप्रै पर्यवेक्षकहरूले पनि भाग लिनु भएको कुरा थाहा हुन आएको छ।

उक्त सम्मेलन सम्पन्न गराउनका लागि सँस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं लुम्बिनी विकास कोषका अध्यक्षको अध्यक्षतामा २०९ जवान कार्यकारिणी सदस्यहरू सहितको मूल समिति गठन गरिएको थियो भने २३ जवान सदस्यहरू सहितको निर्देशक समिति पनि गठन गरिएको कुरा जानकारी हुन आएको छ। त्यसरी नै सम्मेलनको लागि विभिन्न उपसमितिहरू यसरी गठन गरिएको कुरा थाहा हुन आएको छ - रत्नमान शाक्यको संयोजकत्त्वमा सम्मेलन स्थान व्यवस्थापन नरेन्द्रमान जोशीको संयोजकत्त्वमा सत्कार, नविन चित्रकारको संयोजकत्त्वमा प्रचार, प्रा. डा. तुलसीराम वैद्यको संयोजकत्त्वमा सम्मेलन, छत्रराज शाक्यको अध्यक्षताका वित्तिय व्यवस्थापन, सुचित्रमान शाक्यको संयोजकत्त्वमा यातायात, इन्द्रबहादुर गुरुङ्गको संयोजकत्त्वमा आवास तथा खानपिन, प्रत्येकमान ताम्राकारको संयोजकत्त्वमा साँस्कृतिक, बलबहादुर गुरूङ्गको संयोजकत्त्वमा सुरक्षा तथा स्वयंसेवक, त्रिरत्नमान तुलाधरको संयोजकत्त्वमा स्वास्थ्य र ओमकार प्रसाद गौचनको संयोजकत्त्वमा समन्वय, मूल्यांकन र अनुगमन उपसमिति गठन गरिएको थियो।

## "पथप्रदर्शक" कृति विमोचन

काठमाडौं, पौष ९ गते, स्थान-संघाराम विहार।

तथागत भगवान् बुद्धका व्यक्तित्व, प्रमुख उपदेश र शान्ति, कर्तब्यबोधात्मक पथप्रदर्शक आदि विविध विषयबस्तुहरूमा केन्द्रित "परियत्ति सद्धम्म पालक" भिक्षु संघरक्षितद्वारा रचना गरिएको "पथप्रदर्शक" कृति एक समारोहको बीचमा नेपालको पहिलो भिक्षु तालिम केन्द्रको रूपमा स्थापित संघाराम बिहारमा त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरद्वारा विमोचन भयो।

सभाका प्रमुख अतिथि अखिल नेपाल भिक्षु महासंघका भूतपुर्व अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरद्वारा विमोचित उक्त कृतिको बारेमा प्रकाश पार्नुहुँदै उहाँले यो पुस्तकभित्र बुद्धधर्मका सारगर्भित मानवमय शिक्षा गाभिएको कुरा प्रकाश पार्नुभयो।

भिक्षु कोण्डन्यबाट कृतिको सरलता एवं रोचकताको विषयमा स्पष्ट पार्नुभएको उक्त मन्तब्यक्रममा विद्वान् एवं पत्रकार श्री केदार शाक्यबाट पुस्तक प्रकाशनसँगै यथासक्य राम्ररी वितरण पनि गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो।

विमोचित पुस्तकका लेखक युवक भिक्षु संघरक्षित, संघारामद्वारा पुस्तक भित्रका यथार्थता एवं पुस्तक प्रकाशनका सम्बन्धमा कुरा स्पष्ट गर्नुभयो। प्रकाशक नीता वज्राचार्यबाट धन्यवाद ज्ञापन गरिएको उक्त कार्यक्रम बौद्ध विद्वान् एवं यु.बौ.स. का उपाध्यक्ष श्री त्रिरत्न मानन्धरद्वारा संचालन गरिएको थियो।

उपस्थित सम्पूर्णलाई पुस्तक वितरणपश्चात् सभापतिको आसनबाट धर्मोदय सभाका महासचिव एवं बौद्ध विद्वान् प्रा. सुवर्ण शाक्यद्वारा पुस्तकको समीक्षात्मक टिप्पणी प्रकट गर्नुहुँदै बौद्ध चर्याअनुरूप पुण्यानुमोदन गरी सभाको औपचारिक विसर्जन गरियो।

## वि.सं. २०५७ को "ज्ञानमाला रत्नवत सिरपा:" घोषणा

**वि.सं. २०५७ मार्ग २४ गते शनिबार काठमाडौं।**

ज्ञानमाला भजन खल: स्वयम्भू र ज्ञानमाला रत्नवत सिरपा समितिको पदेन अध्यक्ष श्री शान्त रत्न शाक्य ज्यूको अध्यक्षतामा बसेको ज्ञानमाला रत्नवत सिरपा: समितिको वैठकले वि.सं. २०५७ को "ज्ञानमाला रत्नवत सिरपा:" पुरस्कार निम्न बमोजिम दिने घोषणा गरेको छ।

१. श्रद्धेय भिक्षु, भिक्षुणी (गुरुमाँहरू) मध्ये एक जनालाई दिने "ज्ञानमाला रत्न वत सिरपा: (पुरस्कार) (प्रथम) त्रिपिटिकाचार्य भिक्षु कुमार काश्यप महास्थवीर, आनन्दकुटी विहार स्वयम्भूलाई,

२. ज्ञानमाला भजन खल: (संघ) मध्ये एकलाई दिने सिरपा: (पुरस्कार) (दोश्रो) श्री घ: ज्ञानमाला भजन खल:लाई।

३. ज्ञानमाला भजन र बौद्ध धर्मको व्यापक प्रचार प्रसार गर्ने व्यक्तित्व मध्ये एक जनालाई दिने (तेस्रो) पुरस्कार श्री किरण शाक्य, ओकुवहाल पाटनलाई दिने निर्णय गरेको छ।



Downloaded from http://www.dhamma.digital

ज्ञानमाला भजन खलः स्वयम्भूको दिवंगत पूर्व अध्यक्ष श्री रत्न वहादुर तण्डूकारज्यूबाट रु. १,००,०००/- र उहाँका परिवारबाट हाल थप गरिएका रु. ५०,०००/- गरि जम्मा रु. १,५०,०००/- को अक्षयकोषबाट प्राप्त व्याज रकमबाट पौभा (प्रमाण-पत्र) र रकम ठैली पुरस्कार दिने गत: २०५१ साल देखि वर्षेनी दिई आएको हो । यस वर्षको उक्त पुरस्कार २०५७ पौष २९ गते शनिवार स्वयम्भू महाचैत्य स्थलमा हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

हालसम्म उक्त पुरस्कार वि.सं. २०५१ सालमा भिक्षु अश्वघोष महास्थवीर, ज्ञानमाला भजन खल: स्वयम्भू, र श्री धर्मरत्न शाक्य 'त्रिशुलि' लाई, वि.सं. २०५२ मा अनगारीका धम्मवति गुरुमाँ, तारेमाम ज्ञानमाला संघ नागवाहा पाटन, र श्री केशरमान तुलाधरलाई, वि.सं. २०५३ मा भिक्षु सुदर्शन महास्थवीर कीर्तिपुर, ज्ञानमाला सभा महाचैत्य विहार पाल्पा र श्री आनन्द शाक्य, जनवहाल काठमाडौंलाई वि.सं. २०५४ मा भिक्षु सुबोधानन्द महास्थवीर, ज्ञानमाला न्हयाइपु खल: पांगा, र श्री हिराकाजि सुजिका नागवाहा पाटन, वि.सं. २०५५ मा भिक्षु बुद्धघोष महास्थवीर, ज्ञानमाला संघ सुनसरी धरान र श्री हर्ष मुनि शाक्य लगन काठमाडौलाई र वि.सं. २०५६ मा संघमहानायक भिक्षु अनिरुद्ध महास्थवीर आनन्दकुटी, दिपंकर ज्ञानमाला भजन खल, भक्तपुर र श्री कृष्णबहादुर उपासक पांगालाई प्रदान गरिसकेको छ ।

## सप्तरीमा बुद्धपूजा र शिलापत्र उद्घाटन

२०५७ पौष २५ मंगलबार । सप्तरी जिल्लाको इटहर्वा रत्नपुरी बजारमा भूतपूर्व न्यायाधिवक्ता रमानन्द प्रसाद सिंह थारुले एक समारोह विच बुद्ध प्रतिमा र थारु भाषामा लेखिएको शिलापत्र उद्घाटन गर्नु भएको समाचार छ ।

बुद्ध प्रतिमा स्थापना गरी बुद्धपूजा र शील प्रार्थना गरी शुरु गरिएको उक्त कार्यक्रममा भूतपूर्व सांसद चन्द्रनारायण चौधरीले रमानन्द प्रसाद सिंह, चन्द्रनारायण चौधरी र रामलगन चौधरीलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

चन्द्रनारायण चौधरीको सभापतित्वमा प्रगतिशील थारु युवा संगठनको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा भोलानाथ चौधरी, बलराम चौधरी, तेजनारायण पंजियार, लक्ष्मीदास चौधरी, प्रा. हरिकान्त लालदास, सांसद चन्द्रनारायण चौधरी र बखत बहादुर चित्रकार आदि वक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

## ज्ञानमाला रत्नवत पुरस्कार

२०५७ पौष २९ गते शनिवार । ज्ञानमाला भजनको क्षेत्रमा सराहनीय योगदान दिंदै आएका व्यक्तिहरूलाई ज्ञानमाला भजन खल: स्वयम्भूको तर्फबाट बर्षेनि दिंदै आएको ज्ञानमाला रत्नवत पुरस्कार यसपटक त्रिपिटकाचार्य भिक्षु कुमार काशयप महास्थवीर, संगीतकार किरण शाक्य र श्रीघ:ज्ञानमाला भजन खल:लाई प्रदान गरिएको समाचार छ ।

स्वयम्भू ज्ञानमाला भजन खल:का अध्यक्ष शान्तरत्न शाक्यले पुरस्कार प्रदान गर्नुभएको उक्त समारोहमा श्रामणेर प्रज्ञारत्नबाट शील प्रार्थना गराउनु भएको थियो भने भजन खल:का सचिव किरणकुमार जोशीले कार्यक्रम संचालन गर्नु भएको थियो । उक्त सभामा प्रा.सुवर्ण शाक्य, अधिवक्ता सर्वज्ञरत्न तुलाधर, शान्तरत्न शाक्य र किरण शाक्य, आदिले ज्ञानमाला भजनका विषयमा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए ।

सातौं पटक प्रदान गरिएको उक्त पुरस्कारमा पुरस्कार स्वरूप तीन हजार नगद र पौभा: स्वरूप कदर पत्र पनि प्रदान गरिएको थियो । भिक्षु कुमार काश्यपको तर्फबाट श्रामणेर प्रज्ञारत्न र श्रीघ: ज्ञानमाला भजनका तर्फबाट प्रेम बहादुर शाक्यले पुरस्कार ग्रण गर्नुभएको उक्त समारोहमा पन्नाकाजी शाक्य, शान्तकुमार चित्रकार र रमेश मानन्धरले अभिनन्दित व्यक्ति र संस्थाको परिचय दिनु भएका थिए ।

## बौद्ध सँस्कार पद्धतिको प्रयोग

क्षेत्रपाटी ढल्को वडा नं १७ निवासी उपासक श्री धनबहादुर नकर्मीले बौद्ध संस्कार पद्धतिलाई प्रयोग गरी समाजमा एक नमूनाको रुपमा प्रस्तुत हुनुभएको छ ।

२०५७ मंसिर १० गतेका दिन उहाँले भिक्षु महासंघलाई निमन्त्रणा गरी संघनायक भिक्षु अनिरुद्ध महास्थविरको तर्फबाट आफ्ना नाती (चैत्यवहादुर र अम्बिका का छोरा) लाई अन्नप्राशन गराई बौद्ध संस्कार पद्धति अपनाउनु भएको छ । सोहि दिन उक्त बालकको नाम प्रज्ञा ज्योती भनी नामाकरण पनि गरियो ।

यसरी नै २०५७ जेठ ६ गतेका दिन भिक्षुहरूलाई निमन्त्रणा गरी उक्त बालकलाई बौद्ध संस्कार पद्धति अनुसार नै न्वारन पनि गरिएको थियो ।

बा.अ.का.द.नं. - ७०/०४०/४१

**छलफल** — ✍ मेघदूत

# हीनयान (थेरवाद) महायान

हाम्रो छलफल कार्यक्रममा नयाँ सदस्यहरूको बढ्दो संख्यामा सहभागिता हुनु त एक प्रकारको राम्रै उपलब्धि हो। यसको प्रमुख कारण त कार्यक्रम ज्ञानवर्द्धक हुन सक्नु नै हो। आयोजकको तर्फबाट कुराकानी शुरू गर्दै प्रश्न उठाइयो - कसैको केही प्रश्न सोध्नु छ कि ?

एकजना नयाँ सदस्यले आफ्नो परिचय दिंदै भन्यो -"म एक दैनिक अखवारमा काम गरिरहेको पत्रकार हुँ। यस छलफल कार्यक्रम ज्ञानवर्द्धक भएको सुनेर मेरो केही जिज्ञासाहरू लिएर यहाँ आएको छु। मेरो जिज्ञासा यसरी रहेको छ -महायान र हीनयानमा के कस्तो फरक रहेको छ र यसको शुरूवात कसरी भयो, यसबारे जानकारी लिन पाए हुने थियो।"

आयोजकको तर्फबाट उत्तर आयो -"तपाईंको प्रश्न त गम्भिर हुनुको साथै उचित र समसामयिक पनि छ। यस विषयमा हामीलाई राम्रो ज्ञान नभए पनि हामीले जाने बुझे अनुसार बताउँदै छौं -

"महायान र हीनयान (थेरवाद) बारे के कति भिन्नता छ भन्ने बारे संक्षिप्त रूपमा यसरी बताउन सकिन्छ - महायान प्रगतिशील विचारबाट प्रादुर्भाव भएपनि पछि हुँदा हुँदै यसले भक्तिमार्गमा लागी मूर्ति पूजा गर्नुमा मात्र सीमित भएको देखियो। फलस्वरूप यिनीहरूले बुद्धलाई पनि देवताको रुपमा मानी भक्ति गर्छन्।

तर थेरवादी (हीनयानी) हरूले चित्त शुद्धि र आचरण शुद्धि विना ज्ञान लाभ हुँदैन, मूर्ति पूजामा मात्र सीमित रही दुःखबाट छुट्कारा पाउन गाह्रो हुन्छ भन्ने कुरामा विश्वास गर्छन्। हुनत पछि हुँदा हुँदै महायानीहरूको प्रतिस्पर्धामा गई थेरवादीहरू पनि मूर्ति पूजामा लागेका देखिन्छन्। तर थेरवादीहरू बुद्धलाई गुरु र मार्गप्रदर्शकको रूपमा पूजा गर्छन्।"

नयाँ सदस्यले फेरि प्रश्न उठायो -"यी हीनयान र महायान भन्ने नामको उदय कहिले भयो ? यसबारे पनि केही बुझ्न पाए बेश हुने थियो।"

उत्तर- "हुनत यो कुरो नै विवादास्पद छ। किनभने महायान र हीनयानको उदय कहिले भयो भन्ने विषयमा किटान गरी लेखिएको छैन। तैपनि बुद्धको महापरिनिर्वाण (देहावसान) भएर तीनसय वर्ष जति पछि कनिष्क राजाको पालादेखि (अशोक राजा पछि) महायानको उदय भएको कुरा इतिहासविदहरूले अनुमान गर्दै बताउँछन्।

महायानी सँस्कृत ग्रन्थ अनुसार यान भनेको निर्वाण मार्ग हो। निर्वाण प्राप्त गर्ने एउटा मात्र मार्ग छ। त्यो हो बुद्धत्व प्राप्ती। बुद्धत्व प्राप्त गरेर निर्वाण प्राप्त गर्न खोज्ने व्यक्तिहरूलाई महायानी भनिन्छ। महायानीहरूको भनाई अनुसार श्रावक अरहन्तले निर्वाण प्राप्त गर्न सक्दैन।

थेरवादमा बुद्धको सही उपदेश पाउन सकिन्छ। थेरवादीहरूको भनाई अनुसार आचरण राम्रो पारी चित्त शुद्ध गर्न सकेमा साधारण मानिसले पनि निर्वाण प्राप्त गर्न सक्नेछन्। व्यक्तिगत रूपमा निर्वाण प्राप्तीको आशा राख्ने भएकोले थेरवादीहरूलाई हीनयानी भन्ने नाम दिइयो भने बुद्ध बन्ने इच्छा गर्ने व्यक्तिहरूलाई महायानी भनियो। महायानीहरूले आफुहरू महान र थेरवादीहरू हीन हुन् भनी थेरवादीहरूलाई हीनयान नामाकरण गरे। तर पालि साहित्यमा हीनयान र महायान शब्द उल्लेख गरिएको पाइँदैन।

नयाँ सदस्यले आफ्नो जिज्ञासा पूरा गर्न पाएकोमा खुशी व्यक्त गर्दै भन्यो-"धन्यवाद छ यहाँहरूलाई। मेरा जिज्ञासा र अन्दोलहरू शुल्झाइदिनु भएकोमा।

आज अवेर पनि भयो। अर्कै एक कार्यक्रममा पनि भाग लिनु छ मेरो। त्यसैले आजलाई बिदा पाउँ। पछि फेरि आउँला।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८
Downloaded from http://www.dhamma.digital